म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष १३, अंक २४६ बुधबार ५ बैशाख २०८१ ने. सं. ११४४ चौलाथ्व 17 April 2024 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्य: रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा

# साझाकुरा राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## हेटौंडाको ४ वटा सडक स्तरीकणलाई बोलपत्र आह्वान

हेटौंडा, ४ वैशाख/हेटौंडा उपमहानगरपालिकाको ४ वटा सडक स्तरीकरणका लागि बोलपत्र आह्वान गरिएको छ । हेटौंडा १, २, ७ र ८ नम्बर वडाका सडकलाई आधुनिकरुपमा स्तरीकरण गर्नका लागि गएको चैत ३० गते बोलपत्र आह्वान गरिएकोमा त्यस अनुसार कार्य अगाडि बढेको हेटौंडा उपमहानगर पालिकाले जनाएको छ ।

सडक स्तरीकरण गर्ने परियोजनाअन्तर्गत हेटौंडा-१ को पिपलबोटदेखि स्वर्गद्वारी मन्दिर हुँदै रक्तसञ्चार केन्द्र जोड्ने बाटोलाई नमूना बाटो बनाईने उपमहानगरका प्रवक्ता तथा १ नम्बर वडाका वडाध्यक्ष सविन न्यौपानेले जानकारी दिए । त्यस्तै, हेटौंडा-४ स्थित रजतजयन्ती सडक (मेनरोड-भैरव रोड) दायाँबायाँ सहित हेटौंडा ७ र ८ को बाटोको पनि स्तरीकरण गरिनेछ ।

# सहरमा टिपर आतङ्क, नियामक निकायबाटै संरक्षणको आशंका

साझाकुरा संवाददाता





हेटौंडा, ४ वैशाख/ मकवानपुरका खानी क्षेत्रमा सञ्चालन हुने टिपरको आतङ्क वर्षौंदेखि कायम छ । तर, टिपर आतङ्क नियन्त्रणमा आउन सकेको छैन ।

तीव्रगति र ओभर लोडले आमजनतामा आतङ्क नै फैलिएको भन्दै राजनीतिक दलका भातृ संगठनदेखि नागरिक समाज सडकमा उत्रिने क्रम चलिरहेको छ । जिल्लास्थित सिमेन्ट उद्योगमा चुनढुंगा उत्खनन् क्षेत्र (खानी) बाट आवतजावत गर्ने टिपरले गाउँदेखि नगरक्षेत्र नै आतङ्कित बनाएको भन्दै पटक-पटक आवाज उठ्ने गरेको छ । तर, 'हात्तीका अगाडि भुसुना' भन्ने नेपाली उखान झैं शक्तिको आडमा व्यवसायीले ट्राफिक नियम उल्लंघन गरिरहँदा आतङ्क हट्नुको साटो झन् बढेको छ ।

टिपरको तीव्रगति र ओभरलोड नियन्त्रण गर्ने नियमनकारी निकाय नै व्यवसायीको संरक्षणमा रहेको आशंका सर्वसाधारणले गरेका छन् । टिपरको आतङ्क नियन्त्रण गर्न सर्वसाधारण र स्थानीय तहले प्रहरी प्रशासनलाई पटक-पटक मौखिक वा लिखितरुपमै अनुरोध गर्दै आएका छन् । प्रहरी प्रशासनले बेलाबखत सडकमा टिपरमाथि जाँच गरेपनि आतङ्क नियन्त्रण आउन सकेको छैन । नियमित जाँच, अनुगमन र कारबाही प्रभावकारी नहुँदा टिपरले सडकमा सर्वसाधारणको होसहवास उडाइरहेको हो ।

टिपरले ढालाभन्दा एक हातमाथि ढुंगा बोकेर तीव्रगतिमा कुदिरहेका छन् । जसको कारण ढुंगा खसेर लाग्ने डरले विशेष गरी हेटौंडा बजारको मुख्य सडक क्षेत्र नै आतङ्कित बनेको हो । तर, ओभरलोड बोकेर नगरका सडकभरि खानीजन्य ढुंगा, गिट्टी र बालुवा छरेर टिपर कुदिरहँदा पनि ट्राफिक प्रहरी रमिते बनिरहेका छन् । टिपरले ओभरलोड चुनढुंगा बोकेर हिँडेको गुनासो धेरै आएपछि करिब एकवर्ष अघि जिल्ला प्रशासन कार्यालय मकवानपुरले जिल्ला प्रहरी कार्यालयलाई पत्राचार गरेको थियो । हेटौंडा-१ नम्बर वडा कार्यालयले पनि सो सम्बन्धमा ध्यानाकर्षणपत्र बुझाएको थियो । तर, पत्राचारप्रति नियमन गर्नेतर्फ प्रहरी गम्भीर नभएको हाल भइरहेको टिपरका आतङ्कले पुष्टि गर्दछ ।

'नेपालको कानून दैवले जानून' भन्ने उखान यही प्रसङ्गमा पुन: मिल्न गएको छ । कानुन कार्यान्वयनमा समय सीमा निर्धारण हुँदैन । तर, मकवानपुरमा भने आवाज उठेपछि कानुन कार्यान्वयन भएको जस्तो देखिने र आवाज मत्थर हुन थालेपछि कानुनले कामै गर्न छोड्ने समस्या रहेको हेटौंडा-१ चौकीटोलका डिल्लीबहादुर थापा बताउँछन् । हेटौंडाको मुख्य सडकमा मंगलबार एउटा ६ चक्के टिपरको तीव्रगति देखेर स्थानीयबासी नै दङ्ग परे । मकवानपुरगढी-५, का उज्वल देवकोटा टिपरबाट झरेको ढुंगा लाग्नबाट बालबाल बँचेका थिए ।

मकवानपुरका सहायक प्रमुख जिल्ला अधिकारी झरेन्द्रप्रसाद चापागाईंले टिपर बारेको गुनासो विगतदेखि आइरहेको बताउँदै समस्या समाधानको लागि पहल गर्ने बताए । उनले आज बुधवारबाटै टिपरको समस्या समाधान गर्न लागिपर्ने प्रतिबद्धता जनाए । टिपरमाथिको कारबाही र वर्तमान अवस्थाबारे बुझ्न जिल्ला प्रहरी कार्यालय र जिल्ला ट्राफिक प्रहरी कार्यालयलाई सम्पर्क गर्न खोज्दा फोन उठेन । ट्राफिक प्रहरीप्रमुख वसन्त आचार्य बिदामा रहेकोले प्रहरी वरिष्ठ सई राजीवकुमार तिवारीलाई सम्पर्क गर्दा फोन उठेन ।

पछिल्लो समय ओभर लोड बोकेको टिपरले आतङ्क मच्चाएको भन्दै हेटौंडा उपमहानगर पालिकाको १ नम्बर वडा कार्यालयले प्रहरी प्रशासनसमक्ष पत्राचार पनि गरेको तर, प्रहरीले टिपर नियन्त्रण गर्न छोडेर मुकदर्शक मात्रै बनेको वडाअध्यक्ष सविन न्यौपानेले जानकारी दिए । अध्यक्ष न्यौपानेले सवारीको क्षमता अनुसारको लोड बोकेर बाटोको अवस्था हेरेर ठीक गतिमा नहिँडी यस्तै अटेर गरिरहे अब जनताको जीउज्यानको सुरक्षाको लागि सडकमा हेभी टिपर गुडाउन रोक्ने चेतावनी दिए । चौकीटोलबासी सडकमा उत्रिने तयारी गरिरहेको उनको भनाई छ । प्रशासनले बेलैमा ध्यान नदिए उत्पन्न परिस्थितिको जिम्मा प्रशासनले नै लिनुपर्ने उनले बताए ।

हेटौंडा नगरक्षेत्रका तीनवटा सिमेन्ट उद्योगका कच्चापदार्थ आपूर्ति गर्ने क्रममा टिपरले क्षमता भन्दा बढी लोड बोकेर नगरको मुख्य सडक र यात्रुलाई जोखिममा पारिरहेका छन् । तीव्रगतिका टिपर आउने बित्तिकै मोटरसाइकल, साइकल, अटो, मयुरी जस्ता साना सवारीसाधन कालोपत्रे सडक छोडेर भाग्नुपर्ने अवस्था छ । टिपरले ढालाभन्दा माथि चुली लगाएर चुनढुंगा ल्याएपछि सडक सुरक्षामै खतरा निम्तिएको हो । नेपालको सडकहरु १० मेट्रिकटन भारवहन गर्ने सवारीका लागि निर्माण गरिएको भएपनि ५० टनभन्दा बढी चुनढुंगा बोक्ने टिपरहरु निर्बाध चलिरहेका छन् । तर, प्रहरी प्रशासनको यसतर्फ कुनै ध्यान गएको छैन ।

नयाँ किन्दाको अवस्थाको टिपरको ढाला बराबरमात्रै चुनढुंगा बोक्न पाउने मापदण्ड भएपनि हाल ढाला थपेर त्यसमाथि पनि चुली लगाएर ढुंगा ओसारपसार गरिरहेका छन् । शक्तिको आढमा विभिन्न निर्माण कम्पनीले प्रहरीलाई समेत प्रलोभनमा पारेर चुनढुंगा ढुवानी गरिरहेको नागरिक समाजको आरोप छ । टिपरको अटेरीपनाका कारण ट्राफिक प्रहरी नै हैरान छन् । शिवम् सिमेन्टले मकवानपुरगढी गाउँपालिका-७ र ८ नम्बर वडामा रहेका खानीबाट चुनढुंगा उत्खनन् गरिरहेका छन् । उत्खनन् गरिएका चुनढुंगा टिपरले ढालाभन्दा माथि चुली बनाएर कानुनविपरित ओसारपसार गरिरहेका हुन् ।

# प्रशिक्षक तयार गर्दै कांग्रेस मकवानपुर

साझाकुरा संवाददाता




हेटौंडा, ४ वैशाख/ नेपाली कांग्रेस मकवानपुरले पार्टीको विधि, विधान, संरचना र कार्यनीतिबारे तल्लो तहका कार्यकर्तालाई प्रशिक्षण दिनका लागि प्रशिक्षक तयार गर्ने भएको छ । कांग्रेस मकवानपुरले मंगलबारबाट हेटौंडामा प्रशिक्षक प्रशिक्षण कार्यक्रम सुरु गरेको छ ।

दुई दिनसम्म चल्ने प्रशिक्षणमा जिल्लाका ८० जनाभन्दा बढीको सहभागिता रहेको छ । प्रशिक्षक प्रशिक्षण लिएकाहरुले आगामी दिनमा वडावडामा हुने कार्यकर्ता प्रशिक्षण कार्यक्रममा प्रशिक्षकको भूमिका निर्वाह गर्ने कांग्रेस मकवानपुर सभापति वुद्ध लामाले जानकारी दिए । पार्टीको जिल्ला सभापति लामाको सभाध्यक्षतामा भएको प्रशिक्षण उद्घाटन कार्यक्रममा नेपाली कांग्रेस बागमती प्रदेशका सभापति इन्द्रबहादुर बानियाँको प्रमुख आतिथ्यता रहेको थियो । कार्यक्रममा डा. सुरेश आचार्य र शंखर सुवेदीले प्रशिक्षण दिनेछन् ।

उद्घाटन कार्यक्रममा हेटौंडा उपमहानगरपालिका नेपाली कांग्रेस केन्द्रीय सदस्य डा. गोबिन्द पोखरेल, मकवानपुर पूर्वसभापति र घुरमण न्यौपाने, क्षेत्री सभापतिहरु राजेश बानियाँ, रन्जन कालाखेती लगायत जिल्लाका नेता तथा कार्यकताको सहभागिता रहेको थियो । सहकारी ठगीमा संलग्नलाई छानबीनको दायरामा ल्याएर दण्डित गर्नुपर्ने नेपाली कांग्रेस बागमती प्रदेशका सभापति बानियाँले बताएका छन् ।

सहकारीको नाममा लाखौं जनताका अर्बौं रुपैयाँ लुटेकाहरु अहिले सरकारमा बसिरहेको तर्क गर्दै उनले निष्पक्ष छानबीन र कारबाहीको लागि कांग्रेसले निरन्तर संघर्ष गरिरहेको बताए । कांग्रेस मकवानपुरले मंगलबार आयोजना गरेको जिल्लास्तरीय प्रशिक्षक प्रशिक्षणलाई सम्बोधन गर्दै सभापति बानियाँले सहकारी ठगी गरेकाहरु नै सरकारमा बसेर छानबीनलाई प्रभावित बनाउने काम गरिरहेको टिप्पणी गरे ।

# बकैयामा रंगशाला निर्माण गर्न महायज्ञ

साझाकुरा संवाददाता

हेटौंडा, ४ वैशाख/ पूर्वीमकवानपुरको बकैयामा रंगशाला निर्माणका लागि श्रीमद्भागवत सप्ताह ज्ञानमहायज्ञ लगाइएको छ । जुरेली रंगशाला निर्माण समिति बकैया-४ ले रंगशाला निर्माणमा सहयोग जुटाएको हो ।

करिब तीन बिघा क्षेत्रफलमा रहेको यसक्षेत्रमा कभर्ड हल, बास्केटबल, टेबलटेनिस, भलिबल, फुटबल मैदानलगायत खेल खेलाउने गरी रंगशाला निर्माण गर्न लागिएको समितिका अध्यक्ष विमल नेपालले जानकारी दिए । बकैया गाउँपालिका भित्रको खेलमैदानमध्येको जुरेली खेलमैदान उत्कृष्ट भएकाले रंगशालाका रुपमा विकास गर्न जुरेली खेलमैदानका लागि स्थानीयसँग १५ कट्ठा क्षेत्रफल जग्गा खरिद गरेकाले त्यसको भुक्तानी गर्न महायज्ञ लगाइएको उनले बताए ।

'बजेट सुनिश्चितताका लागि हामीले महायज्ञ लगाएका हौं, सबैले सहयोग गर्नुभयो भने राम्रो रंगशाला निर्माण हुनेछ ।' महायज्ञमा सोमवारसम्म १९ लाख ९६ हजार ५८६ रुपैयाँ संकलन भएको छ । महायज्ञको पहिलो दिन ७ लाख ५० हजार, दोस्रो दिन ३ लाख र तेस्रो दिन ७ लाख ७३ हजार रुपैयाँ संकलन भएको समितिका कोषाध्यक्ष प्रल्हाद गौतमले जानकारी दिए ।

रंगशाला निर्माणका लागि करिब डेढ करोड रुपैयाँ उठाउने लक्ष्य राखिएको महायज्ञ सञ्चालकको भनाइ छ । महायज्ञमा प्रखर पण्डित कपिलदेव भट्टले कथावाचन गरिरहेका छन् ।

हेटौंडा उपमहानगरपलिका
नगर कार्यपालिकाको कार्यालय
हेटौंडा, मकवानपुर

## शिक्षा विकास महाशाखाको अन्त्यन्त जरुरी सूचना

*(प्रथम पटक प्रकाशित मिति २०८१।१।५ गते)*

हेटौंडा उपमहानगरपालिकाभित्र संचालित मन्टेश्वरी तथा प्रारम्भिक वाल शिक्षा प्रदायक संस्थाको अभिलेख व्यवस्थापन गर्न आवश्यक भएकाले तपसिलबमोजिमका कागजातसहितको फाइल तयार गरी मिति २०८१।१।१९ गते कार्यालय समयभित्र यस महाशाखामा दर्ता गर्ने व्यवस्थाका लागि नगर शिक्षा समितिको मिति २०८०।१२।२९ गतेको निर्णयानुसार अनुरोध छ ।

**तपसिल**

१. संस्था संचालनको अनुमति पत्र
२. सम्बन्धित वडामा भएको व्यवसाय दर्ता
३. अघिल्लो वर्षको कर चुक्ताको प्रमाणपत्र
४. आफ्नै भवन वा जग्गामा भएमा सोको लालपूर्जा र निर्माण सम्पन्न भएको प्रमाण
५. घर भाडामा लिएको भए सोको सम्झौतापत्र
६. संस्था नवीवकरण हुनुपर्ने भएको नवीकरणको प्रमाण
७. संचालकको नागरिकताको प्रमाणपत्रको प्रतिलिपि
८. संस्थाको विधान तथा विनियमावली
९. संचालनमा रहिरहेको भन्ने सम्बन्धित वडाको पत्र
१०. संस्थाले आवश्यक ठानेका अन्य कागजात

सम्पूर्ण ब्राण्डका गाडी
एकै ठाउँमा सम्पूर्ण सेवासहित
☞ कार वास भित्र/बाहिर
☞ वायरिङ मर्मत
☞ A/C मर्मत तथा ग्याँस रिफिलिङ
☞ सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
☞ डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
☞ टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
☞ इन्जिनसम्बन्धी सबै काम
Himalayan Motors Pvt.Ltd.
हेटौंडा, चौकीटोल,
सम्पर्क नं.: ०५७-५९०३३३

Education is the real treasure
ADMISSIONS OPEN FOR 2081
From Nursery to Grade 9



Scholarships
a feature of socially responsible institution ....
Madhav Raj Sumargi Memorial Scholarship based on Entrance Tests 189+Seats
Rup Chandra Bista "Thaha" Memorial Scholarship based on Students' Talent 108+Seats
Bishwakanti Kalawati Sumargi Scholarship based on Students' Rank 39+Seats
25 Years of Excellence in Education
Celebrating Silver Jubilee
HETAUDA ACADEMY
Residential Secondary School
Shahid Smarak, Nawalpur, Hetauda, Nepal
☎057-525548 ☎057-525547 ☎057-523547
www.hetaudaacademy.edu.np | info@hetaudaacademy.edu.np
App Store
Google Play
ENTRANCE
4 Baisakh 2081

ड्राइभिङ्ग सिक्ने तयारीमा हुनुहुन्छ ?
अब निराश नहुनुहोस्...
हामी कहाँ जतिसुकै नजान्ने भएपनि दक्ष तथा अनुभवी प्रशिक्षकद्वारा गाडी सिकाइनुका साथै लाइसेन्स परीक्षा र ट्रायल सहजै पास गर्न सक्ने गरी ड्राइभिङ्ग प्रशिक्षण दिइन्छ ।
हाम्रा विशेषताहरू:
☞ अनलाइन फर्म भर्ने सुविधा ।
☞ रोड टेस्ट गराइन्छ ।
☞ दक्ष प्रशिक्षकहरुद्वारा प्रशिक्षण ।
☞ लाइसेन्स ट्रायलको प्राविधिक ज्ञान दिइन्छ ।
☞ गाडीको पार्टपूर्जासम्बन्धी सम्पूर्ण ज्ञान दिइन्छ ।



सम्पर्क कार्यालय:
सितलमहल चोकबाट
ॐ हल जाने बाटोमा
प्रबन्ध निर्देशक: टिका कुमारी दुलाल
के. के. ड्राइभिङ्ग प्रशिक्षण केन्द्र
हेटौंडा-५, पिप्ले, मकवानपुर
सम्पर्क: ९८४५१७९४१५, ९८१७२८४६१४, ९८४५९२७०५७

साझाकुरा

## हाम्रो कुरा

# योजना सुरु गर्ने, अलपत्र छोड्ने

नेपालमा महत्वपूर्ण योजनाको आवश्यक अध्ययन र तयारी बिनै सुरु गरिन्छ । मतदाताको अगाडि काम गरेको देखाउनका लागि योजना सुरु गरिन्छ र आवश्यक स्रोत जुटाउन नसकेपछि अलपत्र छोड्ने गरिन्छ । निर्धारीत समयमा थोरै योजना मात्र सम्पन्न हुने गरेको छ । सरकारको बेथितिका नमूना हेर्न टाढा जानु पर्दैन । हाम्रै गाउँघर, टोलछिमेकमा देखिन्छन् अलपत्र विकासे नमूना । चार वर्षदेखि अलपत्र बागमती प्रदेशको मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयको सभाहल निर्माणको ठेक्का पनि यस्तै नमूनाको छ । प्रदेश सरकारले राजधानीमा सुरु गरेको सानो सभाहलको ताल यो छ भने दुर दराजका विकास निर्माणका काम कस्तो होला ? सहजै अनुमान लगाउन सकिन्छ । दुईवर्षमा सक्नुपर्ने योजना चारवर्ष बितिसक्दा पनि पुन: म्याद थप्ने तयारी गरिएको छ । सार्वजनिक खरिद नियमावलीको १३ औं संशोधनलाई टेकेर म्याद थप गर्न लागिएको हो ।

गत फागुन ०८० नियमावली संशोधनपछि काम सम्पन्न नभएर अलपत्र रहेका योजनाको म्याद एकवर्ष थपगर्ने बाटो खुलेको थियो । हेटौंडा उपमहानगरपालिकाको प्रशासनिक भवनपछाडिको खाली जग्गामा जग हालिएको सभाहलका फलामका पिलर खिया लागेका अवस्थामा ठडिएका छन् । संरक्षण निर्माण सेवा/सेव इन्जिनियरिङ कन्स्ट्रक्सन जेभी भरतपुर-११, चितवनले मुख्यमन्त्री सभाहल निर्माणका लागि ५ करोड २६ लाख ८३ हजार रुपैयाँमा सहरी विकास तथा भवन कार्यालय मकवानपुरसँग १७ कार्तिक ०७७ मा सम्झौता गरेको थियो । सम्झौताअनुसार, १९ वैशाख २०७९ भित्र सभाहल स्याण्डविच इपीएस स्याण्डविच प्रविधिबाट प्यानल बोर्डको ट्रस्टबाट निर्माण गर्नुपर्ने थियो । तर, निर्माण कम्पनीले जगसम्मको मात्रै काम गरी ४७ लाख ५४ हजार ८४१ रुपैयाँ रकम भुक्तानी लिएर काममा फर्किएको छैन । सहरी विकास तथा भवन कार्यालयले सभाहलको निर्माण कम्पनीलाई म्याद थपको तयारी भइरहेको जानकारी दिएको छ । म्याद थप गरेर काम अगाडि बढाउनुपर्छ भनेर उपमहानगर र निर्माण व्यवसायीबीच सहमति भएको बताइएको छ । सभाहलको हालसम्म भौतिक प्रगति २५ प्रतिशत र वित्तीय प्रगति ९ प्रतिशत छ । हेटौंडा उपमहानगरको आइतबार बसेको कार्यपालिका बैठकले यो जग्गामा निर्माण हुने सभाहलको स्वामित्व र जग्गाको भोगाधिकार उपमहानगरकै हुने गरी निर्माण सम्पन्न गरी हस्तान्तरण गरीदिन बागमती प्रदेश सरकारसमक्ष पत्राचार गर्ने निर्णय गरेको छ । यद्यपि, मेयर मीनाकुमारी लामाले २६ चैत २०८० मा बागमती प्रदेशको भौतिक पूर्वाधार विकास मन्त्रालयलाई सभाहल उपमहानगरकै स्वामित्वमा रहने गरी निर्माण अगाडि बढाउन सहमतिसहितको पत्राचार गरेकी छन् । पत्रमा सभाहल निर्माण सम्पन्न भएपछि उपमहानगरकै स्वामित्वमा रहनुपर्ने उल्लेख छ ।

१४ वैशाख २०७७ मा निवर्तमान मेयर हरिबहादुर महतले प्रदेशको सभाहल उपमहानगरले पनि प्रयोग गर्न पाउने गरी सहमति दिएका थिए । निर्माण कम्पनी काम नगरी बेपत्ता भएपछि उपमहानगरलाई जग्गा पनि अभाव भएको अवस्थामा सभाहल निर्माण अगाडि बढाउन नदिएको प्रवक्ता सविन न्यौपानेले बताएका छन् । उपमहानगरले कार्यालय परिसरभित्रै पार्किङको समस्या रहेको र आवश्यक भौतिक संरचना निर्माण गर्नुपर्ने भन्दै सभाहल निर्माणका लागि जग्गा दिन नसकिने बताएको थियो । निर्माणको जिम्मा लिएको कम्पनीले समयमै काम नगरेर तीनवर्ष बिताएपछि उपमहानगर पालिका आफूले गरेको निर्णय उल्ट्याउन बाध्य भएको बताइएको छ । अहिले उपमहानगरकै स्वामित्वमा हुनेगरी बनाउन दिने कार्यपालिकाबाट निर्णय गरेका छ । प्रदेशस्तरीय भेला, बैठक र समारोहका लागि सभाहल नभएपछि मुख्यमन्त्री कार्यालयकै स्वामित्वमा रहने गरी १७ कात्तिक २०७७ मा पूर्वमुख्यमन्त्री डोरमणि पौडेलले शिलान्यास गरेका थिए ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरु

| मकवानपुर प्रहरी | | एम्बुलेन्स सेवा | |
|---|---|---|---|
| प्रहरी कन्ट्रोल: | १०० | नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| जिल्ला ट्राफिक: | ५२०५९९ | हेटौंडा अस्पताल: | ५२०३०५ |
| वडा प्रहरी: | ५२०२९९ | परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| पशुपतिनगर इलाका: | ५२०५९८ | मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| पालुङ इलाका: | ६२०४६७ | छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| मनहरी इलाका: | ९८५५०९०१६१ | भीमफेदी रेडक्रस: | ६२०६९९ |
| इलाका फापरबारी: | ६२१९८० | पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| इलाका भीमफेदी: | ६९१४६२ | बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ | सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ | बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| चित्लाङ चौकी: | ६९२००० | बारुण यन्त्र: | १०१ |
| चौघडा चौकी | ९८४४०५४६०४ | बाल हेल्पलाइन नेपाल: | १०९८ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ | माइती नेपाल: | ५२१०५० |
| फाखेल चौकी: | ९८४५०३१३९८ | अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ | | |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०८१ बैशाख ६ गते बिहीबार १८ अप्रिल २०२४ । दशमी, चैत शुक्लपक्ष । चौलाथ्व ११४४ ने.सं. । सूर्योदय ५:३८, सूर्यास्त ६:३० । विश्व सम्पदा दिवस

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| **मेष** | : आफन्तको सहयोग मिल्नेछ | **तुला** | : नयाँ काम गर्न जागर आउनेछ |
| **वृष** | : यात्राको लागि राम्रो समय छ | **वृश्चिक** | : बोल्दा विचार पुऱ्याउनु पर्नेछ |
| **मिथुन** | : सोचेजस्तो सहयोग मिल्नेछैन | **धनु** | : पढाइमा सहयोग मिल्नेछ |
| **कर्कट** | : समय पूजापाठमा बित्नेछ | **मकर** | : रिसाउने बानीले हानि पुग्नेछ |
| **सिंह** | : व्यापारबाट फाइदा हुनेछ | **कुम्भ** | : सामाजिक काममा रुचि बढ्नेछ |
| **कन्या** | : मन प्रशन्न हुने देखिन्छ | **मीन** | : यात्रामा कष्ट मिल्नेछ |

# लाखौं भुइँमान्छे जोगाउने कि रवि लामिछाने ?



✍ महेश्वर दाहाल

नेपाली कांग्रेसले सहकारी अनियमितता प्रकरणमा मुछिएका उपप्रधानमन्त्री एवम् गृहमन्त्री रवि लामिछानेबारे संसदीय समिति बनाएर छानबिन गर्नुपर्ने अडान राख्दै संसदीय गतिविधि निरन्तर अवरुद्ध गरेपछि सरकारले संसद्को चालु अधिवेशन नै अन्त्य गर्ने निर्णय गरेको छ । संसद्मा विपक्षीले उठाएका एजेन्डाबारे गम्भीर बहस गरेर त्यसलाई तार्किक निष्कर्षमा पुऱ्याउनुपर्नेमा संसद् नै स्थगित गरेर सरकार स्वयंले समकालीन राजनीतिक समस्यालाई गहिऱ्याएको छ ।

राष्ट्रिय स्वतन्त्र पार्टी, नेकपा एमाले र नेकपा माओवादी केन्द्र लगायतका सत्तारुढ दलहरू गृहमन्त्री लामिछानेले संसद्को रोष्ट्रममा उभिएर स्पष्टीकरण दिने तर छानबिन समिति बन्न नसक्ने अडानमा थिए भने कांग्रेसले समिति नबनेसम्म संसद् चल्न नसक्ने अडान राखेको थियो । तर, सहकारी अनियमितताका बारेमा तथ्य सहित प्रश्न उब्जिएपछि गृहमन्त्रीका बारेमा छानबिन समिति बन्नै नहुने तर्क आफैंमा युक्तिसंगत थिएन ।

यसअघिका सरकारका कैयौं मन्त्रीबारे वा तिनका निर्णयबारे संसदीय छानबिन समिति बनेकै थिए । छानबिन समिति बनेको चरण अर्थमन्त्रीबाट राजीनामा दिएर छानबिनमा पुष्टि नभएपछि पुन: सोही जिम्मेवारी सम्हालेका माओवादी केन्द्रका नेता जनार्दन शर्मा आफैंमा उदाहरण हुन् ।

नारायणकाजी श्रेष्ठ उपप्रधानमन्त्री एवम् गृहमन्त्री हुँदा नै सहकारी अनियमितताबारे छानबिन सुरु गर्ने क्रममा लामिछानेका साझेदार जीबी राईले दर्जनौं सहकारीको रकम अपचलन गरेको देखिएको र स्वयं लामिछानेले समेत विना धितो २ करोडो ऋण लिएको प्रमाण प्रहरीले जुटाएको थियो । अरू समस्याग्रस्त सहकारीको छानबिन गर्ने क्रममा पीडितको उजुरीका आधारमा जीबी-रवि मिलेमतोको सहकारी अनियमितता प्रकरण समेत सतहमा आएको थियो ।

सहकारी भन्नु एक सामूहिक र संस्थागत आर्थिक गतिविधि हो, जहाँ बचतकर्ताहरू संचालक वा ऋणी हुन्छन् तर व्यवस्थापकहरू तिनका सेवक !

कांग्रेसले गृहमन्त्री लामिछानेलाई राजनीतिक उद्देश्यले 'टार्गेट' गरेको होस् तर संसद्मा त सत्तापक्ष नै बहुमतमा हुन्छ । गहिरिएर बुझ्दा संसदीय छानबिन भन्नु सत्तापक्षकै मजबुती हो, त्यस पक्षका मानिसले गल्ती नगरेको हकमा । तर, यहाँ जीबी राई वा रवि लामिछानेले सहकारीको रकम अपचलन वा अनियमितता गरेको सन्दर्भ मात्रै छैन, भुइँमान्छेले खाई नखाई जम्मा गरेको रकम सुरक्षाको आवश्यकता समेत छ ।

के आजको प्रचण्ड-ओली सरकार एक रवि लामिछानेको बचाउमा लाखौं भुइँमान्छेको रकम जीबी राईले निर्माण गरेका टाइपका सहकारीहरूले निलोस् भन्ने चाहन्छ ?

दर्जनौं सहकारी अनियमितताका एक मुख्य अभियोगी जीबी राई हाल फरार छन् भने उनीसँगै प्रमाण सहित नाम जोडिएका लामिछाने उपप्रधानमन्त्री एवम् गृहमन्त्री बनाइएका छन् । 'ग्यालेक्सी फोर के' नामक टिभीमा 'शेयर होल्डर' हुने क्रममा आफूले कागजी रूपमा मात्र प्रक्रिया पूरा गरेको तर कुनै अनियमितता नगरेको गृहमन्त्री लामिछानेको तर्क छ ।

तर, कांग्रेसले सहकारी पीडितहरूले र यसमा चासो वा सरोकार राख्ने सम्पूर्ण नागरिक, सामाजिक तथा राजनीतिक पक्षले लामिछानेलाई पुष्टि हुन चुनौती दिएका छन् । आजका गृहमन्त्री लामिछाने पुष्टि हुनु सबै सहकारी पीडितले न्याय पाउनु समेत हो । राज्यको एक प्राथमिक सरोकार हो यो ।

तर, गृह जस्तो प्रहरीको तालुक मन्त्रालयको नेतृत्व सहकारी अनियमिततामा नाम जोडिएका र अनुसन्धानको दायरामा रहेका व्यक्तिले नै लिएपछि स्वार्थ लाभको उद्देश्य टकराएको कांग्रेसको र सबै सरोकारवालाको सन्देह तथा बुझाइ छ । के प्रहरीले आफ्ना 'हेड' (गृहमन्त्री) विरुद्ध निष्पक्ष छानबिन गर्न सक्छ ? कांग्रेस र सबै सरोकारवालाको यो प्रश्न स्वाभाविक मात्रै होइन कि अनिवार्य नै हो । केही दिन अगाडिको संसदीय समितिको बैठकमा प्रहरी प्रमुख वसन्तबहादुर कुँवरले बोलेको सन्दर्भले मात्र होइन सहकारी अपचलनबारे प्रहरी निकायका पछिल्ला रवैयाले गृहमन्त्री लामिछाने छानबिनको दायरामा नै छैनन् । यसले कांग्रेसलाई मात्र होइन, सबैलाई झस्काइदिएको छ ।

प्रहरीले आफ्नो नेतृत्वको औपचारिक बचाउ गर्नु एउटा कुरा, स्वयं लामिछानेमाथि भने सहकारी अनियमितता सन्दर्भ गम्भीर नैतिक दायित्वको प्रश्न हो । लामिछानेलाई गृहमन्त्री नै हुनुछ र उनी गृहमन्त्री नभए सरकार कमजोर पर्ने एमाले, माओवादी केन्द्र लगायतलाई लागेको हो भने छानबिनको निश्चित अवधिका लागि पद त्याग गरेर उनी पुन: गृहमन्त्रीमा दोहोरिन नसक्ने होइनन्, जनार्दनले जस्तै ।

आफूले अनवरत गृह नपाए पार्टीले नै सरकार छाड्ने हिजोको जस्तै तर्क लामिछानेको हो भने त्यसलाई उनको बालहठ नेतृत्वमा कुनै सुधार नआएको/आउनै नसक्ने अर्थमा लिन सकिन्छ । त्यसले सिद्ध गर्ने कुरा के हो भने रास्वपा भन्नु लामिछाने मात्रै हुन् ।

यसै पनि लोकतन्त्रमा संसद् प्रतिपक्षको हो । नारायणकाजी श्रेष्ठले हिजो गृहमन्त्रीका रूपमा सुन तस्करीको जरामै पुग्न आँट गरेको र प्रहरीको अनुसन्धान निकायले विना दबाब दुनियाँले छर्लङ्ग देख्ने गरी काम गरेको सावित हुँदा त छानबिन समिति बनाउनैपर्ने प्रतिपक्षी एमालेको माग पूरा भएको थियो भने आज त लामिछानेको नाम सहकारी अनियमितता प्रकरणमा प्रामाणिक रूपमा नै जोडिएको छ । हिजो सुन प्रकरणमा प्रहरीले गहिरो अनुसन्धान गर्दा पनि त्यसबारेको छानबिन समितिले प्रहरीलाई थप निर्देशित हुने गरी धेरै तथ्यहरू औंल्याइदियो । त्यसैले सुन छानबिन समिति बनाउनुपर्ने एमाले मागको औचित्य सावित भयो ।

आज त झन् गृहमन्त्री लामिछाने सहकारी अनियमिततामा जोडिएको सन्दर्भ खुलमखुल्ला आएको छ । सय जना मान्छेले नक्कली खाता खोलेर एक अर्ब रुपैयाँ दामासाहीले लगेका छन्, त्यसमध्ये लामिछाने पनि एक छन् । धितो नराखी, सदस्य नबनी पैसा लगेका छन् । सहकारीको रकम अन्यत्र नाफा कमाउने गरी लगेका छन् । टिभीमा वा अन्यत्र ! उनै मानिस आजको दिनमा स्वयं गृहमन्त्री भएकाले उनीबारे गहिरो तथा प्रामाणिक अनुसन्धान नै हुन नसक्ने राजनीतिक एवम् सामाजिक तर्कको आधार के हो भने बहालवाला गृहमन्त्री आफैं मुछिएको मुद्दा प्रहरीबाट निरुपण हुनै सक्दैन ।

'गृहमन्त्री लामिछानेले सहकारीको रकम अनियमितता गरे' भन्ने तथ्यलाई अप्रामाणिक सिद्ध गर्ने एउटै माध्यम निष्पक्ष संसदीय वा संवैधानिक छानबिन समिति नै हो । भनेको सत्य हो भने रास्वपा वा सत्ताधारी दल वा लामिछानेको दाबीलाई पुष्टि गर्ने पनि त्यसैले हो ।

नयाँ संकल्प सहित देश बनाउने उद्देश्य लिएर राजनीतिमा आएको हो भने रास्वपा र त्यसका अध्यक्ष एवम् उपप्रधानमन्त्री तथा गृहमन्त्री लामिछानेले सहकारी अनियमितता छानबिन समिति बनाउनुपर्ने कांग्रेसको मागको स्वागत गर्नुपर्छ । र, छानबिन अवधिभर रास्वपाले सरकार छाड्ने होइन कि लामिछाने एक्लैले पद त्याग गर्न सक्नुपर्छ ।

तर, यसै कारण लामिछानेले सरकार छाड्छन्, उनको पार्टी पनि उनीसँगै सती जान्छ र यसकारण बहुमत गुम्छ भने यस्तो भ्रष्ट मत-आवरणको सरकारबाट प्रधानमन्त्री प्रचण्ड खुशी-खुशी बहिर्गमित हुन सक्नुपर्छ । उनले आफ्नो ऊर्जालाई पार्टी निर्माण र बाम एकतामा लगाउन सक्नुपर्छ । कांग्रेसमा धेरै भ्रष्ट छन् तर कांग्रेस आफैंलाई बिर्सिएर रवि लामिछानेमाथि प्रहार गरिरहेको छ भन्ने भाष्य समेत खडा गरिएको छ । भ्रष्टाचारी कांग्रेस, एमाले, माओवादी जतासुकै होउन्, त्यसको फरफारक हुनुपर्छ नै । तर, आजको सिधा सवाल गृहमन्त्री लामिछानेप्रति लक्षित छ ।

यहाँ कुन पार्टीले मुद्दा उठायो र कुन पार्टीलाई नाफा वा घाटा हुन्छ भन्ने कुरा मुख्य होइन । कतिपय विषय विवेकपूर्ण र आलोचनायोग्य दुवै हुन्छन् । यद्यपि भ्रष्टाचार, अनियमितता र अपारदर्शिता एउटा पार्टी तथा अमूक व्यक्तिसँग जोडिएको विषय मात्रै होइन, सबै समाज पक्षीयले सामना गर्नुपर्ने प्रधान शत्रु हो ।

*(साभार: अनलाइनखबर)*

# बालबालिकाका लागि असल अभिभावकत्व आजको चुनौती

✍ नरेशकुमार भण्डारी

> बच्चाको असल बानीहरूको बैंक खातामा यसै गरी बचत वृद्धि हुँदै जाँदा निश्चित रकम जम्मा हुन जान्छ । उक्त रकमबाट बालबालिकाका अनिवार्य आवश्यकताका वस्तु र कतिपय अवस्थामा खेल सामग्री, साइकल, घडी, खेलौना आदि किनिदिन सकिन्छ । यस्ता अभ्यास तबसम्म गर्नुपर्दछ कि जबसम्म बच्चामा पूर्णरुपले असल बानीको विकास भइसकेको हुँदैन ।

सबै अभिभावकले आफ्नो बच्चा असल बनोस् भन्ने चाहना राख्नु स्वाभाविक छ । बच्चालाई असल बनाउन सबै अभिभावकले सक्दो कोशिश गरेकै हुनुहुन्छ । आफूले सुधार्न नसकेका बालबालिकाका खराब बानीहरू सुधारिदिन विद्यालयमा उजुरीसमेत गरिरहेकै हुन्छौं । विद्यालयका शिक्षक-शिक्षिकाहरू पनि बालबालिकालाई सुधार्न सक्दो कोशिश गरिरहनुभएकै हुन्छ तर हामीले सोचेजस्तो बालबालिकामा सकारात्मक परिवर्तन आइरहेको हुँदैन ।

अहिलेका बालबालिकामा देखिएका समस्याहरू हामी सबैका घरघरका साझा कहानीहरू हुन् । यस लेखमार्फत हाम्रा बालबालिकामा कसरी असल र सकारात्मक बानीहरूको विकास गर्न सकिएला भन्ने बारेमा विमर्श गर्ने कोशिश गरिएको छ ।

याद राखौं अभिभावक अपरिवर्तनीय छौं । बालबालिकाका लागि समाज, समुदाय, विद्यालय वा शिक्षकहरू मन नपरेमा परिवर्तन गर्न पनि सकिन्छ तर अन्य कुराहरू परिवर्तन गरेजसरी अभिभावकहरू परिवर्तन गर्न सकिंदैन, सम्भव छैन । त्यसैले असल बालबालिका तयार गर्न असल अभिभावक बन्न भरमग्दुर कोशिश गरिरहेकै हुन्छौं । हाम्रा कोशिशहरूको तौरतरिका मिलेको छ कि छैन त भन्ने प्रश्नमा हामीले समाधान खोज्नुपर्ने हुन्छ ।

हामीलाई हामी बच्चा हुँदा जसरी गाइड गरियो त्यही तरिकाले हामीले हाम्रा बालबालिकालाई गाइड गरिरहेका छौं । त्यो तरिका त्यति बेलाको परिवेशमा ठिक्कै थियो भन्न सकिएला तर अहिलेको सूचना र प्रविधिको युगमा बालबालिकाहरू कतिपय सवालमा आफैं पनि साक्षात्कार भइसकेको हुनाले अहिलेको परिवेशमा बालबालिकालाई गाइड गर्ने अहिलेकै तरिका खोजी गर्नुपर्ने हुन सक्छ ।

**१. बच्चासाग सम्बन्ध जोड्ने काम :**

आजभोलि केही बच्चाहरू वर बोलाउँदा पर जाने खालका छन् । यसो हुनुमा बच्चाहरूले अभिभावकले आफूलाई पिटपाट गर्लान् भन्ने डर प्रमुख कारण हो । केही बच्चालाई मेरो अभिभावकले मलाई माया गर्दैन भन्ने पनि लागिरहेको हुन सक्छ । कुनै-कुनै बच्चालाई अभिभावकप्रति विश्वास नरहेको पनि हुन सक्छ । हाम्रा स-साना क्रियाकलापहरू बालबालिकाले निगरानी गरिरहेका हुन्छन् । हामीले गर्ने राम्रा र नराम्रा दुवै काम बच्चाले सिक्नका लागि पर्याप्त हुन्छन् । त्यसैले बच्चाबाट आफूले अपेक्षा नगरेका क्रियाकलाप आफूले नगर्ने र बच्चालाई मायाममताले नजिक बनाउने काम बालबच्चालाई सुधार गर्ने पहिलो पाइला हो । यसका लागि बालबालिकामा आफूप्रति श्रद्धाभाव र विश्वास जगाउनुपर्ने हुन्छ ।

**२. नसकिने कुरा बच्चालाई दिन्छु नभनौं**

हामीलाई के लागिरहेको हुन सक्छ भने, म मेरो बच्चालाई संसारभरमा कसैले दिन नसकेको सुख र खुशी दिन्छु । यो हाम्रो बच्चाप्रतिको स्नेहभाव हो । जसरी हाम्रा आवश्यकताहरू असीमित छन्, त्यसै गरी बच्चाका चाहना पनि असीमित हुन सक्छन् । यहाँ हेक्का राख्नुपर्ने कुरा के छ भने, असीमित चाहना पूरा गर्न सीमित साधन र स्रोतले असम्भव पनि हुन सक्छ । त्यसैले आफ्नो आयस्रोतको सीमाभित्रको मात्र अनिवार्य आवश्यकताका वस्तु, सेवा तथा चाहना पूरा हुन्छ भन्ने कुरा बच्चालाई बुझाउन जरुरी छ । आफ्नो परिवारको अवस्था र आफ्ना संघर्षका कथाहरू बच्चाहरूलाई बुझाउन सकेमा उनीहरुको जिद्धीपनामा कमी ल्याउन मद्दत पुग्नेछ ।

**३. बच्चामा खराबी नखोजौं :**

भनिन्छ, माहुरीको संगत गरौँ फूलमा पुगिन्छ, माखाको संगत गरेमा अन्तै । त्यसैले आफ्नै बच्चाको खराबी वा कमी खोज्नेभन्दा पनि बच्चामा जे खालको खुबी र क्षमता वा बानी छ त्यसैलाई बढावा दिने काम गर्नुपर्ने हुन्छ । सकारात्मक बानीको जोड गर्नु भनेको नकारात्मक बानीको घटाउ गर्नु हो । छरछिमेकमा वा इष्टमित्रसँग भूलवश पनि आफ्नो बच्चाको कमजोरी बताउने काम गर्नुहुँदैन । यसो गर्दा बच्चामा आत्मविश्वासको कमी हुन जान्छ । यति मात्र होइन, म खराबै हुँ भन्ने हीन भावनाको विकास हुन गई बच्चामा केही राम्रो गरौँ भन्ने भावनाको विकास नहुन सक्छ ।

**४. साझा स्वामित्वको विकास गरौं :**

हामीले बच्चाहरूमा सामाजिक भावनाको विकास गर्ने काम गर्नुपर्ने हुन्छ । यसो गर्नका लागि बच्चालाई साझा खेलौना, आलोपालो अवसर सृजना गर्नु उपयुक्त हुन्छ । यसो गर्दा मिलेर बस्ने, मिलेर खेल्ने तथा सहअस्तित्व र सहकार्य गर्नेजस्ता गुणहरूको विकास हुन्छ । यसको बदलामा व्यक्तिगत स्वामित्वले व्यक्तिवाद र एकलकाटेपनको विकास हुन जान्छ ।

**५. रचनात्मक मनोरञ्जन :**

इन्टरनेटको युगमा हाम्रा बच्चाका मनोरञ्जनका साधन सामाजिक सञ्जालहरू बनेका छन् । यसको लत आजका बालबालिकाका लागि सबैभन्दा ठूलो चुनौती बनेको छ । यस्तो अवस्थामा बालबालिकामा रचनात्मक मनोरञ्जनको विकास गर्नु सबैभन्दा कठिन विषय बनेर आएको छ । यसका लागि अभिभावकले केही मिहिनेत गर्नु आवश्यक हुन्छ । कुनै जमाना थियो, बालबालिकाले धेरै खेलेको हुनाले अभिभावक चिन्तित हुनुपर्थ्यो । आज आएर यस्तो भएको छ कि बालबालिकाले नखेलेको हुनाले चिन्तित हुनुपरेको छ । यसैले बालबालिकालाई शारीरिक व्यायाम हुने खेलहरूमा सहभागी बनाउने गर्नुपर्दछ । सकेसम्म आफू पनि बालबालिकासँगै खेल्ने, सामाजिक सञ्जालमा बालबालिकासँगसँगै बसेर ज्ञानवर्द्धक सामग्रीहरू जस्तै- अकबर-वीरबलका कहानी, महजोडीका सिरियलहरू देखाउन सकिन्छ ।

**६. विश्वासमा परिवर्तन नै व्यवहारमा परिवर्तन :**

हामी बालबालिकाको व्यवहारमा सकारात्मक परिवर्तन ल्याउन चाहन्छौं । जसरी कम्प्युटरमा हार्डवेयर र सफ्टवेयर हुन्छ, त्यसै गरी मानवमा पनि व्यवहार र धारणा भन्ने रहन्छ । धारणा जस्तो छ त्यस्तै व्यवहार गरिन्छ । त्यसैले व्यवहारमा परिवर्तन ल्याउनुभन्दा पहिला धारणामा परिवर्तन ल्याउन आवश्यक हुन्छ । त्यस्तो विश्वासको विकास गराऔं कि मैले जीवनमा केही गर्नुपर्छ र केही बन्नुपर्छ । राम्रो र नराम्रो छुट्याउने धारणाको विकास भयो भने व्यवहारमा पनि राम्रो र सकारात्मक नतिजा निकाल्न सकिन्छ ।

**७. सकारात्मक सजाय :**

बालबच्चाबाट जानाजान या भूलवश सानातिना गल्तीहरू भई नै हाल्छन् । गल्तीको सजाय दिनुको सट्टा बच्चालाई गल्तीको महसुस गराउन आवश्यक हुन्छ । यसका लागि फूलबारी सफा गर्ने, घरको सफाइ, भान्सामा सघाउने, करेसाबारीको गोडमेल, १५-२० पेज हेन्डराइटिङ आदि । घरमा यस्ता नियमहरू बनाऔं कि जसले गर्दा समाजमा निस्कँदा हाम्रा बालबालिकाले लज्जित र भ्रमित बन्न नपरोस् ।

**८. पठन संस्कृति निर्माण गरौ :**

भनिन्छ- रिडर इज् द लिडर, रिडर इज् डिनर, रिडिङ फर् लर्निङ आदि । त्यसैले हामीले पढ्नुपर्छ । मतलब अभिभावकहरूले कुनै न कुनै ज्ञानवर्द्धक पुस्तक, पत्रपत्रिका पढ्ने गरेमा घरमा पठन वातावरण निर्माण गर्नमा मद्दत गर्नेछ । आफूले पढेका ज्ञानवर्द्धक कुराहरू कथाको रुपमा बालबालिकालाई बताउने गरेमा बालबालिकाको मानसिकता वृद्धिमा सहयोग पुग्छ । बालबालिकालाई मोबाइलको लतबाट बचाउन पनि कथा वाचन, हिज्जे, अन्ताक्षरी, खेलकुद आदि उपाय प्रभावकारी हुन सक्छ ।

**९. बालबालिकाका जिज्ञासा, विचार र भावनाको सम्मान गरौं :**

बालबालिकाको उमेर जिज्ञासु उमेर हो । कलिलो उमेरमा धेरै जान्ने अभिलाषा रहन्छ । जान्नकै लागि बालबालिकाले जिज्ञासा राख्छ । बालबालिकाका अनेकौं जिज्ञासाले दिक्दार हुनुको सट्टा त्यस्ता जिज्ञासाको समाधान खोजेर भए पनि दिने गरौं । आफूलाई जानकारी नभएको विषयमा टालटुले उत्तर दिनुको सट्टा सोधी-खोजी गरेर जवाफ दिने परिपाटीको विकास गर्नु उपयुक्त हुन्छ । बालबालिकामा संवेगात्मक विकास तीव्र गतिमा हुने हुनाले उनीहरूको विचार र भावनाको कदर गर्दै यथोचित सम्बोधन गर्न आवश्यक हुन्छ ।

**१०. सकारात्मक व्यवहार र बोली गरौं :**

बालबालिकाबाट हामीले जस्तो व्यवहारको अपेक्षा गरेका छौं त्यस्तै व्यवहार बालबालिकासँग गरौं, त्यस्तै बोली बोलौं । उदाहरणको रूपमा बालबालिकालाई आफैंले नमस्कार गऱ्यौं भने उनीहरूले पनि अभिवादन गर्न सिक्छन् । आदर, सत्कार, माया, ममता, स्नेह, भाइचारा, मेलमिलाप, सहकार्य, सहअस्तित्व जे-जस्ता धारणा र गुणहरू बालबालिकामा विकास गर्न चाहेका छौं त्यस्तै व्यवहार बालबालिकाहरूसँग गर्न सक्नुपर्छ ।

**११. असल बानीहरूको बैंक :**

बच्चाले जे माग्छन् त्यही दिने बानीले बच्चालाई स-साना संघर्ष सिकाउन सकिंदैन । बालबालिकामा असल बानीको विकास गराउन, संघर्ष र मिहिनेत नगरी कुनै पनि कुरा प्राप्त हुँदैन भन्ने बुझाउन, पैसाको महत्व सिकाउन, बचत गर्ने बानीको विकास गराउन असल बानीहरूको बैंक प्रभावकारी हुन सक्छ । जसरी माहुरीको संगत गरेमा फूलमा पुगिन्छ, त्यसै गरी असल बानीको बैंकको अभ्यासमार्फत बालबालिकामा असल बानीहरू भर्न सकिन्छ । यसलाई व्यावहारिकरूपमा प्रयोगमा ल्याउन निम्नानुसारको तरिका अपनाउन सकिन्छ ।

बच्चाको असल बानीहरूको बैंक खातामा यसै गरी बचत वृद्धि हुँदै जाँदा निश्चित रकम जम्मा हुन जान्छ । उक्त रकमबाट बालबालिकाका अनिवार्य आवश्यकताका वस्तु र कतिपय अवस्थामा खेल सामग्री, साइकल, घडी, खेलौना आदि किनिदिन सकिन्छ । यस्ता अभ्यास तबसम्म गर्नुपर्दछ कि जबसम्म बच्चामा पूर्णरुपले असल बानीको विकास भइसकेको हुँदैन ।

जसरी पेट्रोलको गाडीमा डिजेल राखेर चल्दैन, त्यसै गरी बालबालिकालाई असल बनाउन असल बानीहरूको अभ्यास हामी आफैंबाट गर्नु उपयुक्त हुन्छ । भनिन्छ नि, पानी र बानी माथिबाट तल झर्दछ । त्यसैले आफू नमरी स्वर्ग देखिँदैन भनेजस्तै हामी सबैका घर घरका कहानीहरूको समाधान गर्ने उपायहरूको चर्चा यस लेखमार्फत गर्न खोजिएको छ । अन्त्यमा एउटा इलेक्ट्रोनिक्स डिभाइसको म्यानुअल भएजस्तै हाम्रा बालबालिकाको सञ्चालन गर्ने म्यानुअल हुन आवश्यक छ । वैज्ञानिकहरूको मान्यता के छ भने, हुमन ब्रेन इज् द कम्प्लिकेटिभ मेसिन । यस्तो मेसिनलाई ठीक ढंगले चलाउन नसकेमा यसको दुरुपयोग भएका सयौं उदाहरणहरू छन् ।

*(साभार: नेपाल सामाचार-पत्र)*

# ब्याजदर घटे पनि मौद्रिक नीति लक्ष्यअनुसार भएन कर्जा विस्तार

काठमाडौं/कर्जाको ब्याजदर घटेर एकल अंकतर्फ आउने अवस्था बन्दा पनि चालु आर्थिक वर्ष (आव) २०८०/८१ मा कर्जा विस्तार भने सुस्त देखिएको छ । निजी क्षेत्रमा प्रवाह हुने कर्जा ११.५ प्रतिशतले विस्तार गर्ने लक्ष्यसहित नेपाल राष्ट्र बैंकले चालु आवको मौद्रिक नीति ल्याएको थियो ।


तर, आर्थिक गतिविधि अपेक्षाकृत विस्तार हुन नसक्दा चालु आव पनि कर्जा विस्तार अपेक्षित नहुने भएको छ । सरकारले चालु आव ६ प्रतिशतको आर्थिक वृद्धिको लक्ष्यसहित बजेट प्रस्तुत गरेको थियो । सरकारले लिएको आर्थिक वृद्धिको लक्ष्य पूरा गर्न कर्जा विस्तार लक्ष्य ११.५ प्रतिशत र विस्तृत मुद्राप्रदाय १२.५ प्रतिशत हुने लक्ष्यसहित राष्ट्र बैंकले मौद्रिक नीति ल्याएको थियो ।

सरकारको आर्थिक वृद्धिलाई सहयोग पुऱ्याउँदै मुद्रास्फीति ६.५ प्रतिशतभित्र कायम राख्ने लक्ष्य मौद्रिक नीतिले लिएको थियो । विगतमा उच्च कर्जा विस्तार भए पनि सोही अनुपातमा कुल गार्हस्थ उत्पादन (जीडीपी) बढ्न नसकेको भन्दै राष्ट्र बैंकले उच्च कर्जा विस्तार नियन्त्रण गर्न चालु आवबाट 'काउन्टर साइक्लिकल बफर' कार्यान्वयनमा ल्याएको थियो ।

यस्तै मुद्रास्फीतिको लक्षित सीमा र लक्षित आर्थिक वृद्धिदरका आधारमा निजी क्षेत्रको कर्जा ११.५ प्रतिशतले विस्तार हुने अनुमान थियो । मुद्रास्फीति लक्षित सीमाभित्र रहने अवस्था भए पनि आर्थिक गतिविधि भने अपेक्षित बढ्न नसकेको राष्ट्र बैंकका डेपुटी गभर्नर डा. निलम तिम्सिना ढुंगाना बताउँछिन् ।

'नेपालको सम्भावित उत्पादन क्षमताको वृद्धिदर करिब ४.५ प्रतिशत हाराहारी रहेको देखिन्छ । राष्ट्र बैंकले गरेको एक अध्ययन अनुसार नेपालमा मुद्रास्फीति ६.५ प्रतिशतभन्दा माथि रहन गए त्यसले आर्थिक वृद्धिलाई प्रतिकूल असर पार्ने देखिएको छ,' चालु आवको मौद्रिक नीतिमा छ, 'मूल्य तथा वाह्य क्षेत्र स्थायित्व कायम राख्दै दिगो रूपमा उच्च आर्थिक वृद्धि हासिल गर्न पूँजी निर्माण हुने क्षेत्रमा वित्तीय स्रोत परिचालन गरी उत्पादन क्षमता अभिवृद्धि गर्ने नीतिलाई प्राथमिकतामा राखिएको छ ।'

सम्भावित उत्पादन क्षमता विस्तार तथा मुद्रास्फीतिको लक्षित सीमा समेतका आधारमा चालु आव केन्द्रीय बैंकले निजी क्षेत्रमा प्रवाह हुने कर्जा ११.५ प्रतिशतले विस्तार गर्ने लक्ष्य लिएको थियो । तर, चालु आव मौद्रिक नीतिको




लक्ष्यअनुसार निजी क्षेत्रमा प्रवाह हुने कर्जा विस्तार नहुने देखिएको डेपुटी गभर्नर ढुंगाना बताउँछिन् ।

'आर्थिक वर्ष २०८०/८१ को नेपाल सरकारको बजेट वक्तव्यले लक्षित गरे बमोजिम ६ प्रतिशतको आर्थिक वृद्धि हासिल गर्न सहयोग पुग्ने गरी वित्तीय स्रोतलाई उत्पादनशील क्षेत्रतर्फ प्रवाहित गर्ने प्राथमिकता छ,' मौद्रिक नीतिमा छ, 'आर्थिक वर्ष २०८०/८१ मा विस्तृत मुद्राप्रदाय १२.५ प्रतिशत र बैंक तथा वित्तीय संस्थाबाट निजी क्षेत्रतर्फ जाने कर्जा ११.५ प्रतिशतसम्मले वृद्धि हुने प्रक्षेपण छ ।'

गत असार मसान्तमा बैंक तथा वित्तीय संस्थाको कुल कर्जा लगानी ४८ खर्ब ७८ अर्ब थियो । उक्त कर्जाको ११.५ प्रतिशतले कर्जा विस्तार गर्दा निजी क्षेत्रमा जाने कुल कर्जा चालु आव अन्तिमसम्म करिब ५ खर्ब ६१ अर्बले कर्जा विस्तार गर्ने लक्ष्य लिएको थियो ।

तर, आव नौ महिना सकिँदा ३० चैतमा गत असारभन्दा कुल कर्जा २ खर्ब २९ अर्बले बढेर ५१ खर्ब ७ अर्ब पुगेको राष्ट्र बैंकले जनाएको छ ।

निमार्णको समय सकिन लागेको र सरकारको पूँजीगत खर्च बढ्दा केही कर्जा बढे पनि निजी क्षेत्रका नयाँ परियोजना अब सुरु हुने सम्भावना न्यून भएकाले चालु आवको मौद्रिक नीतिको लक्ष्यअनुसार कर्जा विस्तार हुने अवस्था नरहेको डेपुटी गभर्नर ढुंगाना बताउँछिन् ।

कर्जा विस्तार अपेक्षित नभए पनि विस्तृत मुद्राप्रदाय भने मौद्रिक नीतिको लक्ष्य नजिक पुग्ने देखिन्छ । राष्ट्र बैंकले प्रकाशित गरेको फागुन मसान्तको तथ्यांक अनुसार विस्तृत मुद्राप्रदाय ७.७ प्रतिशतले बढेको छ । फागुनको वार्षिक बिन्दुगत विस्तृत मुद्राप्रदाय १४ प्रतिशत छ ।

गत वर्षको तुलनामा चालु आव ब्याजदर घटेकाले त्यसको प्रभाव बैंकिङ प्रणालीमा केही देखिन सक्छ । तर, आगामी दिनमा सरकारको पूँजीगत खर्च बढ्ने र रेमिट्यान्स प्रवाह पनि राम्रो देखिएकाले निक्षेपमा तत्काल प्रभाव पर्ने अवस्था नभएको राष्ट्र बैंकका अधिकारीहरू बताउँछन् ।

गत असार मसान्तमा ५७ खर्ब ७१ अर्ब रहेको बैंक तथा वित्तीय संस्थाको कुल निक्षेप चैत मसान्तमा आउँदा ६१ खर्ब ३३ अर्ब पुगेको छ । गत असारसम्म बैंकहरूले स्थानीय तहको सञ्चित कोषको ८० प्रतिशत निक्षेपमा गणना गर्दै आएका थिए ।

साउनबाट उक्त व्यवस्था हटे पनि भदौबाट ६० प्रतिशत निक्षेपमा गणना गर्न पाइने व्यवस्था भयो । चैत तेस्रो साताबाट भने उक्त रकम निक्षेपमा गणना गर्न नपाइने व्यवस्था छ । जसले बैंकहरूको १ खर्बभन्दा बढी निक्षेप गणना गर्न नपाइ व्यवस्था भयो ।

यसबाहेक चालु आव कर्जाको तुलनामा निक्षेपको वृद्धिदर उच्च छ । यस्तै पुस २०८० मा बैकहरूले ऋणपत्रलाई शतप्रतिशत स्रोतमा गणना गर्न पाउने व्यवस्थालाई पनि पूँजीकोष प्रयोजनामा वर्गीकरण भएको ऋणपत्रमध्ये पुसपछि ५० प्रतिशत मात्रै स्रोतमा गणना गर्न सक्ने व्यवस्था भएको छ । स्थानीय तहको सञ्चित कोषमा रकम निक्षेप गणना गर्न नपाउने र ऋणपत्रको व्यवस्थाले गर्दा डेढ खर्बभन्दा बढी निक्षेप कम भएको छ । उक्त व्यवस्थाबीच चालु आव साढे ३ खर्बभन्दा बढीले निक्षेप बढिसकेको छ ।

कर्जाको माग नहुने तर निक्षेप लगातार बढ्दै जाँदा कर्जामा ब्याजदर लगातार घटिरहेको छ । २०७९ फागुन मसान्तमा १३.०३ प्रतिशत रहेको वाणिज्य बैंकको कर्जाको भारित औसत ब्याजदर २०८० फागुन मसान्तमा १०.७८ प्रतिशतमा झरिसकेको छ । निक्षेपको ब्याजदर घट्दो क्रममा नै रहेको र गत वर्ष उच्च ब्याजदरको निक्षेप नवीकरण गर्ने ब्याजदर समेत घटेको अवस्थामा ब्याजदर एकल अंकमा नै आउने अवस्था रहेको बैंकर बताउँछन् ।

ब्याजदर घट्दै जाँदा पनि कर्जामा माग बढ्न नसक्दा चालु आज मौद्रिक नीतिको लक्ष्यअनुसार कर्जा विस्तार हुने अवस्था नदेखिएको राष्ट्र बैंकका अधिकारी बताउँछन् । राष्ट्र बैंकले मौद्रिक नीतिको प्रथम त्रैमासिक समीक्षा मार्फत परि स्थितिजन्य कारण समस्यामा परेका ऋणीलाई कर्जा पुनर्संरचना र पुनर्तालिकीकरण लगायत माध्यमबाट सहजीकरण गर्ने व्यवस्था गऱ्यो । यसका लागि बैंक तथा वित्तीय संस्थाले समस्यामा परेका ऋणीबाट प्राप्त निवेदन विश्लेषणका आधारमा बक्यौता ब्याजको १० प्रतिशत रकम असुल गरी कर्जा पुनर्संरचना गर्न सक्ने अवधि २०८० चैत मसान्तसम्म कायम गरी पुनर्संरचना गर्न सक्ने क्षेत्र विस्तार गरिने व्यवस्था गरेको थियो ।

यस्तै बैंक तथा वित्तीय संस्थाले प्रदान गर्ने रियल इस्टेट कर्जा र ५० लाखभन्दा बढीको सेयर धितो कर्जाको जोखिम भार घटाइ १ सय २५ प्रतिशत कायम गरेको थियो । ५० लाखसम्मको आवास कर्जाका हकमा मासिक किस्ता आम्दानी अनुपात बढाइ ६० प्रतिशत कायम गर्ने व्यवस्था समेत गऱ्यो ।

त्यस्तै बैंक दरलाई ७.५ प्रतिशतबाट घटाइ ७ प्रतिशत, नीतिगत दर ६.५ बाट ५.५ र निक्षेप संकलन बोलकबोल दर ४.५ प्रतिशतबाट घटाइ ३ प्रतिशत कायम गरेको थियो । उक्त नीतिगत परिवर्तनपछि आयोजित पत्रकार सम्मेलनमा राष्ट्र बैंकले बजेटले लिएको आर्थिक वृद्धिलाई सहयोग गर्न र मौद्रिक नीतिको लक्ष्य हासिल गर्दा उक्त नीतिगत लचकता अपनाएको बताएको थियो ।

तर, चालु आव तेस्रो त्रैमास सकिँदा पनि मौद्रिक नीतिको लक्ष्य अनुसार कर्जा विस्तार नहुनुको प्रमुख कारण कमजोर आर्थिक गतिविधि नै रहेको राष्ट्र बैंक प्रवक्ता डा. गुणाकर भट्ट बताउँछन् । 'चालु आर्थिक वर्ष आर्थिक क्रियाकलाप अपेक्षित विस्तार हुन सकेन । ६ प्रतिशतको आर्थिक वृद्धिको लक्ष्य लिए पनि प्रथम त्रैमासमा ३.२ प्रतिशत र दोस्रो त्रैमासमा ४ प्रतिशत वृद्धि भएको छ,' उनले भने, 'आर्थिक क्रियाकलाप विस्तार हुन नसक्दा कर्जाको माग बढ्न सकेन ।'

चालु आव नेपालको अर्थतन्त्र ३.३ प्रतिशत विस्तार हुने प्रक्षेपण विश्व बैंकले गरेको छ । यस्तै अन्तर्राष्ट्रिय मुद्रा कोषले ३.१ प्रतिशत र एसियाली विकास बैंक (एडीबी) ले ३.६ प्रतिशतले विस्तार हुने प्रक्षेपण गरेको छ । यसले पनि अपेक्षित अर्थतन्त्र विस्तार नहुने र त्यसको प्रभाव कर्जा विस्तारमा समेत पर्ने देखिन्छ ।

आर्थिक गतिविधि कमजोर हुँदा वाह्य क्षेत्र भने सबल अवस्थामा छन् । जसको प्रभाव आन्तरिक अर्थतन्त्रमा पर्न सकेको छैन । विगतमा निजी क्षेत्रले ब्याजदरका कारण कर्जाको माग नभएको बताए पनि चालु आव राम्रा परियोजनामा एकल अंकको ब्याजदर अफर ल्याउँदा समेत माग नभएको बैंकर बताउँछन् । राष्ट्र बैंकले पनि वैशाख अन्तिमसम्म चालु आव मौद्रिक नीतिको प्रथम त्रैमासिक समीक्षा गर्दैछ ।

मागमा कमीले कर्जामा माग हुन नसक्नु, विगतमा ब्याज तिर्न कर्जा लैजाने गरेकोमा चालु पूँजी कर्जा मार्गदर्शनले त्यसलाई रोकेर पनि कर्जा माग कम देखिएको डेपुटी गभर्नर ढुंगाना बताउँछिन् । राष्ट्र बैंकले एउटा तहसम्म नीतिगत दरहरू घटाइसकेकाले आगामी मौद्रिक नीति अगाडि नीतिगत दरहरू चलाउनुपर्ने अवस्था नरहेको उनी बताउँछिन् ।

ब्याजदर घटिरहेकाले 'पोलिसी रेट' घटाएर ब्याजदर घटाउने सन्देश दिनुपर्ने अवस्था पनि नरहेको उनको तर्क छ । मौद्रिक नीतिको तेस्रो त्रैमासिक समीक्षा मार्फत फाइनान्सियल र नियामकीय नीतिमा भने केही परिवर्तन हुन सक्ने उनले बताइन् । दोस्रो सातापछि त्यसमा थप छलफल हुने उनले बताइन् ।

*(स्रोत: अनलाइनखबर)*

# बागमती प्रदेशस्तरीय युवा सम्मेलनको तयारी

साझाकुरा संवाददाता



हेटौंडा, ४ वैशाख/ बागमती प्रदेश युवा परिषद्ले युवा सम्मेलन गर्ने भएको छ । समाजिक विकास मन्त्रालय अन्तर्गत प्रदेश युवा परिषद्ले आगामी बैशाख २८, २९ र ३० गते युवा सम्मेलन आयोजना गर्न लागेको प्रदेश युवा परिषद्का कार्यकारी उपाध्यक्ष सन्तोष चौलागाईले जानकारी दिए । परिषद्का अध्यक्ष एवम् सामाजिक विकास मन्त्री कुमारी मोक्तानको अध्यक्षतामा सोमबार मन्त्रालयमा बसेको ११ औं बैठकले युवालाई सामाजिक र सार्वजनिक जीवनमा सहभागी गराउने, नवप्रवर्तन र उद्यमशीलता विकास गर्ने उद्देश्यले सम्मेलनको आयोजना गर्ने निर्णय गरेको कार्यकारी उपाध्यक्ष चौलागाईले बताए ।

परिषद्ले प्रदेश युवानीति-२०७९ तयार पारेपछि प्रदेशमा युवाका लागि काम गर्न आवश्यक सल्लाह, सुझाव संकलन गर्न र अवधारणा निर्माण गर्न पनि सम्मेलन उपयोगी हुने विश्वास उनले व्यक्त गरे । युवापुस्तामा चरम निराशाका बीच आशा जगाउन युवा सम्मेलन आवश्यक रहेको उनको भनाइ छ । युवा सम्मेलनमा २ सय युवाको सहभागिता रहने बताइएको छ । सम्मेलनमा विभिन्न कार्यशाला हुनेछ । युवा सम्मेलनको अन्तिम दिन मुख्यमन्त्रीसँग युवा कार्यक्रम गरी समापन गरिने उपाध्यक्ष चौलागाईले जानकारी दिए ।

युवा सम्मेलनपश्चात 'युवा सीप वर्ष २०८१' घोषणा गरिने चौलागाईको भनाइ छ । यसवर्ष प्रदेशका ५ हजार युवालाई १० वटा क्षेत्रमा एक सय भन्दा माथिको पेशाका सीप सिकाई सीप परीक्षणपश्चात टेवा पुँजी प्रदान गरिने उनले बताए । निर्माण, कृषि, सेवा, होटल तथा पर्यटन, होजियारी तथा तयारी पोशाक र सूचना तथा सञ्चारको क्षेत्रमा तालिम दिइनेछ । तालिम स्थानीय तह, सामुदायिक विद्यालय, कलेज, सामाजिक संस्थाको समन्वयमा सञ्चालन हुनेछ । तालिम पश्चात सामाजिक विकास मन्त्रालय, सीटीईभीटी र प्रदेश युवा परिषद्को त्रिपक्षीय सम्झौतामा सीपपरीक्षण हुने चौलागाईले बताएका छन् ।

# महिला मिलन सहकारीको स्थापना दिवस

साझाकुरा संवाददाता



हेटौंडा, ४ वैशाख/ महिला मिलन बचत तथा ऋण सहकारी संस्थाको स्थापना दिवस मनाइएको छ । मंगलबार एक कार्यक्रमको आयोजना गरी सहकारीको २४ औं स्थापना दिवस मनाइएको हो ।

कार्यक्रम सहकारी अध्यक्ष मीना थापाको सभाध्यक्षता एवम् जिल्ला समन्वय समिति मकवानपुर का प्रमुख ललित घलानको प्रमुख आतिथ्यतामा भएको हो । कार्यक्रममा जिल्ला बचत तथा ऋण सहकारी संघ मकवानपुरकी उपाध्यक्ष मीनाकुमारी चौरेल, हेटौंडाका सहकारी विभाग प्रमुख हिमप्रसाद पौडेल, राष्ट्रिय सहकारी बैंक हेटौंडाका शाखाप्रमुख रामेश्वर अर्याल, नेपाल बचत तथा ऋण सहकारी संस्था मकवानपुरको फिल्ड इन्चार्ज विदुर खड्का, हेटौंडा-१३ का वडाध्यक्ष पेम्बा लामालगायतको आतिथ्यता रहेको थियो ।

# चौघडा बचतको रक्तदानमा ३० जना सहभागी

साझाकुरा संवाददाता



हेटौंडा, ४ वैशाख/ हेटौंडा उपमहानगरपालिका-६ चौघडामा रहेको चौघडा बचत तथा ऋण सहकारी संस्थाले रक्तदान कार्यक्रमको आयोजना गरेको छ ।

संस्थाको १६ औं स्थापना दिवसको अवसरमा आयोजना गरेको रक्तदानमा ३ महिला सहित ३० जनाले रक्तदान गरेको शिक्षा उपसमिति संयोजक रामचन्द्र अधिकारीले जानकारी दिएका छन् । नवजीवनज्योति क्लब र गुप्तेश्वरी टोल विकास संस्थाले संयोजन गरेको कार्यक्रममा रक्तसञ्चार केन्द्र हेटौंडाले प्राविधिक सहयोग गरेका थियो ।

कार्यक्रममा संस्था अध्यक्ष विजयकुमार श्रेष्ठ, उपाध्यक्ष त्रिविक्रम मानन्धर, सचिव अर्जुनप्रसाद हुमागाई, सञ्चालक समिति, शेयर सदस्य, कर्मचारीलगायतको सहभागिता थियो ।

# मन्त्रीहरूले सहसचिव रोजेपछि सरुवामा सास्ती

काठमाडौं/सरकारले तीन हप्ता लगाएर १७ जना सचिवको सरुवा गरेपछि सहसचिवहरुको पनि सरुवा गर्ने तयारी गरेको छ ।

तर, नयाँ सत्ता समीकरण बनेपछि नयाँ मन्त्रीहरुले सरुवाको अवधि नै नपुगेका सहसचिवहरु मनपरी ढंगले फेर्न खोज्दा समस्या देखिएको छ । कतिपय मन्त्रीहरुले आफ्ना मन्त्रालयका धेरै सहसचिव फेर्न खोजेपछि सरुवाको निर्णय नै अलमलमा परेको छ । मन्त्रीहरूले आफू र आफ्नो दल निकटका कतिपय सहसचिवको संघबाट प्रदेशमा हुन लागेको सरूवा रोक्ने र प्रदेशमा कार्यरतहरुलाई छोटो अवधिमै संघमा ल्याउन खोज्दा यसअघि पनि यस्तै समस्या देखिएको थियो ।

प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय स्रोतका अनुसार करिब एक हप्ताअघि नै संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले सहसचिव सरुवाको सूची तयार गरेर मन्त्रिपरिषदमा पठाएको थियो । तर, मन्त्रिपरिषद बैठकले सहसचिव सरुवाको अन्तिम सूची तयार गर्न सकेको छैन ।

'कतिपय मन्त्रीहरु मन्त्रालयका सबैजसो सहसचिवको सरुवा गरेर आफू निकटहरुलाई ल्याउन दबाब दिंदै हुनुहन्छ, उहाँहरुको गोजीको सूचीले अप्ठेरो परेको छ,' प्रधानमन्त्री कार्यालय स्रोतले भन्यो,'मन्त्रीहरुले चाहेको जस्तो सरुवा हुने हो भने त सहसचिव सरुवाको सूची धेरै लामो बन्छ ।' सामान्य प्रशासन मन्त्रालयले २७ जना सहससचिव सरुवाको प्रस्ताव पठाएको छ । तर, मुख्यसचिव डा. बैकुण्ठ अर्याललाई मन्त्रीहरुले थप सहसचिवको नाम दिएर सरुवाको निर्णय गराउन माग गरेका छन् ।

सचिव सरुवाको निर्णय गर्दा नै एक हप्तामै निर्णय बदल्नु परेको अनुभवका कारण मुख्य सचिव अर्याल सहसचिव सरुवाको निर्णय गर्न हतार नगर्ने पक्षमा रहेको एक अधिकारीले बताए । उद्योग सचिव रहेका मुकुन्दप्रसाद निरौलालाई १५ चैतमा उपराष्ट्रपति कार्यालयमा सरुवा गरेपनि करिब एक हप्तापछि नै राजनीतिक दबाबमा सामान्य प्रशासन मन्त्रालयमा सरुवा गर्नुपरेको थियो । अझ भर्खरै सरुवा भएका सचिवहरुले कतिपय सहसचिवहरुलाई आफ्नो टिममा लैजान खोज्ने निश्चित भएकाले पनि सूचीको अन्तिम टुंगो लाग्न नसकेको हो । २ वर्ष अवधि पुगेकाहरुलाई सरुवा गर्ने र प्रदेशमा कम्तीमा एक वर्ष काम गरिसकेकाहरुलाई मात्रै काठमाडौं ल्याउने गरी सामान्यले सूची पठाएको थियो ।

'तर, मन्त्री र सचिवहरुको माग अनुरुप भयो भने केही अघि मात्रै प्रदेश गएकाहरु तुरुन्तै काठमाडौं फर्किन्छन् । सिंहदरबारमै लामो समय बिताएकाहरु यहीं रजगज गरिरहने अवस्था बन्छ,' स्रोतले भन्यो, 'अहिले सामान्यको प्रस्ताव अनुसार २७ जना मात्रै सरुवा हुने अवस्था नै छैन, कति जनाको नाम थपिन्छ र काटिन्छ भन्ने थाहा छैन ।'

यसअघिदेखि नै समान्यले पठाएका सूचीमा संघीय मन्त्रीहरु र मुख्यमन्त्रीहरुसँग मुख्यसचिव अर्यालले आफ्नो अडान राख्न नसक्ने समस्या देखिंदै आएको छ । प्रदेशहरुमा सत्ता समीकरण बदलिएर मन्त्रालयहरुमा नयाँ मन्त्री आइरहेकाले पनि सहसचिव सरूवाको सूचीलाई टुंगोमा पुर्याउन कठिन हुने देखिएको छ ।

सहसचिवको सरुवामा हुने राजनीतिक खिचातानी र कर्मचारीहरुको आ-आफ्नो स्वार्थ अनुकुलको वकालतका कारण सधैंजसो झमेला पर्ने गरेको छ । गत फागुनमा नयाँ २९ सहसचिव पदस्थापन गर्न खोज्दा राजनीतिक दबाबले सरुवा हुनेसहित ४० जनाको सूची बनाउनुपरेको थियो ।

६ फागुनको मन्त्रिपरिषद बैठकबाट निर्णय गर्ने गरी ४ फागुनमा ४० जना सहसचिवहरु सरुवा तथा पदस्थापनको सूची प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय पुगेर अड्किएको थियो । यसले पदस्थापन कुरिरहेका सहसचिवहरु अन्योलमा परेको भन्दै आलोचना भएपछि ३ जनाको नाम थपेर १४ फागुनमा मात्रै सरुवा तथा पदस्थापनको निर्णय भएको थियो ।

*(स्रोत: अनलाइनखबर)*

# विपक्षीको बहिष्कार बाबजुद मधेशका मुख्यमन्त्रीले लिए विश्वासको मत



जनकपुरधाम/मधेशका मुख्यमन्त्री सरोजकुमार यादवले विश्वासको मत पाएका छन् । मंगलबार प्रतिपक्षमा रहेका दलहरु नेपाली कांग्रेस, जनमत पार्टी र लोकतान्त्रिक समाजवादी पार्टीले बहिष्कार गरेको प्रदेशसभा बैठकमा मुख्यमन्त्री यादवले विश्वासको मत पाएका हुन् ।

उनले आफूलाई प्रदेश सभाको विश्वास छ भनी राखेको प्रस्तावमा १०७ प्रदेशसभा सदस्यमध्ये ६१ जनाले समर्थन जनाए । प्रतिपक्षी दलहरुले बहिष्कार गरेका कारण विश्वासको मतसम्बन्धी प्रस्तावको विपक्षमा मत परेन ।

मंगलबार मुख्यमन्त्री यादवले विश्वासको मत लिने प्रयोजनका लागि बोलाइएको बैठक जनमत पार्टीले गत ८ माघमा सप्तरीको राजविराजमा कृषि विश्वविद्यालयको भवन शिलान्यासका क्रममा तत्कालीन शिक्षामन्त्री महेशप्रसाद यादवमाथि भएको आक्रमणको घटनाको छानबिन गर्न समिति गठनको माग गरेर अवरोध गऱ्यो । जनमतको अवरोधका कारण सभामुख रामचन्द्र मण्डलले १० मिनेटका लागि बैठक स्थगित गरेर दलहरुबीच छलफल गराएका थिए । तर छानबिन समिति गठनमा सहमति हुन नसकेपछि साँझ बसेको अर्को बैठक पनि जनमतले अवरोध गऱ्यो ।

तेस्रो पटक जनमतले नाराबाजी गरेपछि सभामुख रामचन्द्र मण्डलले जनमतका दलका नेता महेश प्रसाद यादवलाई बाहिर निकाल्न रुलिङ गरेका थिए । उनीसहित जनमतका सांसद निस्केपछि कांग्रेस र लोसपाका सांसद पनि बाहिर निस्केका थिए । त्यसपछि सभामुखले मत विभाजन गरी पक्ष र विपक्षमा मतदान गर्न समय दिएका थिए ।

*(स्रोत: अनलाइनखबर)*

# पूर्वेली दर्शक भेट्न निस्किए दयाहाङ, आँचल र विजय




काठमाडौं/नयाँ वर्षको अवसर पारेर प्रदर्शनमा आएको फिल्म 'डिग्री माइला'ले सुरुवातको दुई दिन आक्रामक व्यापार गऱ्यो । विशेषगरी नयाँ वर्षमा फिल्मको व्यापारमा उछाल देखिएको थियो । आइतबारबाट कामकाजी दिन सुरु भएकाले व्यापारमा केही ह्रास आएको छ । यद्यपि, प्राप्त शोजमा अकुपेन्सी सुखद् देखिन्छ । बुधबार राम नवमीको विदा भएकाले फिल्मको व्यापारमा फाइदा पुग्न सक्नेछ ।

यसैबीच, फिल्मको टिम दर्शक भेट्ने उद्देश्यले पूर्व प्रस्थान गरेको छ । तीन प्रमुख कलाकार हरु दयाहाङ राई, आँचल शर्मा, विजय बराल र कार्यकारी निर्माता मणिराम पोखरेलको टिम मंगलबार त्यसतर्फ निस्किएको हो । उनीहरुले विराटनगर, विर्तामोड, इटहरी र धरानका हलमा पुगेर दर्शक भेट्नेछन् । कलाकारको उपस्थितिले पूर्वमा फिल्मको व्यापार थप बढ्ने निर्माण टिमको विश्वास छ ।

रामबाबु गुरुङको निर्देशनमा तयार भएको यो फिल्मले एक शिक्षित बेरोजगारको कथा भन्छ, जसलाई आफूप्रति अहंकार र घमण्ड छ । यो कथामाथि यसअघि नाटक समेत बनेको थियो । फिल्ममा माओत्से गुरुङ, प्रकाश घिमिरे, कमलमणि नेपाल, बुद्धि तामाङ, अनिल सुब्बालगायतको पनि अभिनय छ । फिल्मको निर्मातामा विशाल गुरुङ, मणिराम पोखरेल, मधु मिजार र सुष्मा गुरुङ छन् ।

**के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?**

Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

Printer Shop
The complete office solution
Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4
tonerhouse_htd@yahoo.com

# बागमतीमा मन्त्रालय हेरफेरको तयारी

साझाकुरा संवाददाता

हेटौंडा, ४ वैशाख/ बागमती प्रदेशमा मन्त्रालय भागबण्डाको विवाद समाधानउन्मुख देखिएको छ । नेकपा एकीकृत समाजवादीको मागअनुसार मन्त्रालय हेरफेरमा नेकपा एमाले र नेकपा माओवादी केन्द्र सहमत भएका छन् ।

मन्त्रालय बाँडफाँडको विषयलाई लिएर सत्ता गठबन्धनभित्र हानथाप थियो । यसअघि एकीकृत समाजवादीले थप एउटा मन्त्रालय दिनुपर्ने वा मन्त्रालय संख्या नै घटाएर ११ वटा मन्त्रालय बनाउनुपर्ने अडान लिएको थियो । समाजवादीको मागमा एमाले र माओवादी सहमत नभएपछि हाल उसलाई रोजेकै मन्त्रालय दिएर १२ वटा मन्त्रालय कायम गरिने गठबन्धनका दलबीच सहमति जुटेको छ ।



बागमतीमा १२ वटा मन्त्रालय १३ जना मन्त्री छन् । मुख्यमन्त्री शालिकराम जम्कट्टेलले १९ चैतमा एकीकृत समाजवादीबाट रमा आलेमगरलाई विनाविभागीय मन्त्री नियुक्त गरेपछि गठबन्धन दलमा मन्त्रालय भागबण्डाको विषय पेचिलो बनेको थियो । १९ चैतमा विश्वासको मत दिन मगर नआएपछि मुख्यमन्त्री जम्कट्टेलले उनलाई मन्त्री नियुक्त गरेर फकाएका थिए । मगर एक वर्षअघि सरकार विस्तार हुँदा आलेमगर मन्त्री बन्नबाट रोकिएकी थिइन् ।

बागमती प्रदेशमा सत्ता साझेदार दल नेकपा (एकीकृत समाजवादी) ले ठूलो बजेट हिस्सा ओगटेका तीन वटा मन्त्रालयमध्ये एउटा पाउनुपर्ने माग अगाडि सारेको छ । हाल दुईवटा मन्त्रालय लिइरहेको एकीकृत समाजवादीले भौतिक पूर्वाधार विकास मन्त्रालय, खानेपानी, उर्जा तथा सिचाईं मन्त्रालय र सामाजिक विकास मन्त्रालयमध्ये एउटा पाउनुपर्ने अडान लिएको मुख्यमन्त्री निकट माओवादी केन्द्रका एक सांसदले जानकारी दिए ।

चालू आर्थिक वर्ष २०८०/८१ मा भौतिकको बजेट २१ अर्ब ६८ करोड ३८ लाख ७८ हजार ५००, खानेपानीको ७ अर्ब ४८ करोड ६९ लाख ८३ हजार र सामाजिकको ४ अर्ब ६२ लाख १७ हजार बजेट छ । एकीकृत समाजवादीले मागेको तीनवटा मन्त्रालयमध्ये दुईवटामा माओवादी केन्द्रका र एउटामा एमालेबाट मन्त्री छन् । भौतिकमा माओवादीका युवराज दुलाल, खानेपानीमा एमालेका एकालाल श्रेष्ठ र सामाजिकमा माओवादीकी कुमारी मोक्तान मन्त्री छन् ।

एकीकृत समाजवादीबाट लक्ष्मण लम्सालले श्रम, रोजगार तथा यातायात मन्त्रालय र डा. राजेन्द्रमान श्रेष्ठले कृषि तथा पशुपन्छी विकास मन्त्रालय सम्हालिरहेका छन् । समाजवादीले यातायात मन्त्री लम्साललाई फिर्ता बोलाउने भएको स्रोतको दाबी छ । सहमतिअनुसार एमालेले लिइरहेको खानेपानी, उर्जा तथा सिचाईं मन्त्रालय समाजवादीले पाउने भएको छ । खानेपानी मन्त्रालयमा २० चैतमा एमालेका श्रेष्ठ नियुक्त भएका थिए । 'यातायात एमालेलाई दिएर खानेपानी समाजवादीले पाउँछ । सायद भोलि (बुधवार) गठबन्धनमा सहमति हुन्छ', स्रोतले भन्यो । श्रेष्ठ गतवर्ष सरकार गठन हुँदा यातायात मन्त्री बनेका थिए ।

समाजवादी संसदीय दलका नेता कृष्ण शर्मा खनालले मुख्यमन्त्रीले खानेपानी मन्त्रालय लिन प्रस्ताव गरेको बताए । 'मुख्यमन्त्रीले नै खानेपानी लिन प्रस्ताव गर्नु भएको हो । त्यसमै सहमति भएका छौं,' उनले भने । मन्त्रालय विभाजन गरेर १३ वटा पुर्‍याउनेमा मुख्यमन्त्री जम्कट्टेल, आर्थिक मामिला तथा योजनामन्त्री जगन्नाथ थपलिया र समाजवादीका नेता कृष्ण शर्मा खनाल एकमत देखिए । नेता खनालले मन्त्रालय फुटाउन सहमत नभएकोले मन्त्रालय हेरफर गरेर टुंगो लगाउन खोजिएको उल्लेख गरे ।

प्रदेशको मन्त्रालय भागबण्डा र न्यूनतम साझा कार्यक्रम निर्माणका सम्बन्धमा गठित कार्यदलका सदस्य तथा एमालेका मुख्यसचेतक मधुसुदन पौडेल मन्त्रालय हेरफर सहमति नजिक पुगेको बताए । माओवादी केन्द्रका मुख्यसचेतक रत्न ढकालले एकीकृत समाजवादीले मागेको मन्त्रालय पाउने बताए । कार्यदलका अर्का सदस्य एकीकृत समाजवादीका बसन्त मानन्धरले भोलि (बुधवार) मन्त्रालय बाँडफाँड बारे सहमति हुने जनाए ।

विनाविभागीय मन्त्री मगरले सपथ लिएकै दिन अर्थात २० चैतमा एमालेले थप चार मन्त्रीको सपथ गराएको थियो । एमालेले बाँकी चारवटै मन्त्रालयमा मन्त्री पठाएपछि एकीकृत समाजवादीकी मगर हालसम्म विनाविभागीयमै सीमित छिन् । मन्त्रालय बाँडफाँडमा एमाले र एकीकृत समाजवादीबीच तिक्तता देखिएपछि नयाँ बजेटको तयारीमा जुट्न पर्ने सरकार अझै राजनीतिक खिचातानीमै अल्झिएको छ ।

# उद्योग वाणिज्य महासंघको भवन शिलान्यास गरेको दुई महिनामै जग्गा फिर्ता

साझाकुरा संवाददाता

हेटौंडा, ४ वैशाख/ हेटौंडा उपमहानगरपालिका-११ थानाभञ्याङमा नेपाल उद्योग वाणिज्य महासंघ, बागमती प्रदेशको भवन निर्माणको योजना अधुरै हुने भएको छ ।



भवन निर्माणका लागि शिलान्यास गरिएको दुई महिनामै हेटौंडा उपमहानगरपालिकाले जग्गा फिर्ता लिने निर्णय गरेको छ । २ वैशाखमा बसेको नगरकार्यपालिका बैठकले भवन निर्माण गर्ने स्थानको जग्गा फिर्ता लिने निर्णय गरेसँगै महासंघ बागमती प्रदेश समिति आश्चर्यमा परेको छ । ११ फागुनमा भवन निर्माणको शिलान्यास गरेर महासंघ आर्थिक सहयोग संकलनमा जुटिरहेको बेला जग्गा फिर्ता लिने निर्णयले आश्चर्यमा परेको महासंघका बागमती प्रदेश कार्यकारी निर्देशक बिवेक मानन्धरले बताए । महासंघका अध्यक्ष चन्द्रप्रसाद ढकालले ११ फागुनमा महासंघ प्रदेश कार्यालय भवनको शिलान्यास गरेका थिए ।

भवन निर्माण सम्पन्न भएपश्चात आधुनिक कार्यालय, बैठक कोठा र सम्मेलनको सुविधा उपलब्ध हुने महासंघले जनाएको छ । उपमहानगरपालिकाले १६ चैत २०७९ मा महासंघलाई भवन निर्माणका लागि ३ कठ्ठा जग्गा उपलब्ध गराएको थियो । महासंघले यो जग्गामा कम्पाउण्ड वाल निर्माण गरेर काम सुरु गर्न लागेको कार्यकारी निर्देशक मानन्धरले जानकारी दिए । 'प्रधानमन्त्रीज्यूसँग पनि भवन निर्माणबारे कुरा गरिएको थियो । भवन निर्माणका लागि आर्थिक सहयोग उठ्ने क्रम जारी थियो । एक्कासी जग्गा फिर्ताको निर्णयले क्षति पुगेको छ,' उनले भने । जग्गा फिर्ता लिने निर्णय अगाडि महासंघलाई कुनै जानकारी नदिइएको उनले बताए ।

एक्कासी जग्गा फिर्ता लिने निर्णयपछि महासंघको बागमती प्रदेश समितिका कोषाध्यक्ष कविराज खत्री, कार्यकारी सदस्य जीवनकाजी माकजु श्रेष्ठ, कार्यकारी निर्देशक मानन्धर र महासंघको पूर्वकेन्द्रीय सदस्य राजकुमार न्यौपानेले सोमबार अपरान्ह नगरप्रमुख मीनाकुमारी लामालाई भेट गरेका छन् । मेयर लामाले महासंघलाई दिएको जग्गाको विषयलाई लिएर अख्तियारमा उजुरी परेको बताउँदै फिर्ता लिने निर्णय गर्नुपरेको जानकारी गराएकी छन् ।

उद्यमी, स्टार्टअप र स्थापित व्यवसायले व्यापार तथा व्यवसायलाई अझ प्रभावकारी रुपमा सञ्चालन गर्न, सहकार्य एवम् सञ्जालका लागि प्रयोग गर्न सक्ने गरी सुविधायुक्त भवन निर्माण गर्न खोजिएको महासंघले शिलान्यसका बेला जानकारी गराएको थियो । यस कार्यालयमा बिजनेस इन्क्युबेटर र एक्सेलेटरका लागि स्थान राखिने महासंघले उल्लेख गरेको थियो । भवन साढे ३ तलाको निर्माण हुने जनाइएको थियो ।

# अटिजम सेन्टरलाई ट्रेम्पलिन

साझाकुरा संवाददाता

हेटौंडा, ४ वैशाख/ रोटरी क्लव अफ मकवानपुरले हेटौंडा उपमहानगरपालिका-४ हुप्राचौरमा रहेको अटिजम सेन्टरलाई खेल सामग्री हस्तान्तरण गरेको छ । क्लबले अटिजम सेन्टरका लागि ५० हजार रुपैयाँ बराबरको ट्रेम्पलिन खेल सामग्री वितरण गरेको हो ।

मंगलबार सेन्टरमा रहेका २४ जना विद्यार्थीका लागि आवश्यक विभिन्न प्रकारका खेलकुद सामग्री हस्तान्तरण गरेको थियो ।

रोटरी क्लव मकवानपुर अध्यक्ष पराजुलीको अध्यक्षतामा भएको कार्यक्रममा रोटरी क्लव कार्यक्रममा रोटरी क्लव अफ मकवानपुरका अध्यक्ष अन्जनीकुमार पराजुलीले स्वागत मन्तव्य राख्दै अटिजम जस्तो संवेदनशील क्षेत्रमा सहयोग गर्न पाउँदा खुशी लागेको बताए । उनले सामग्री हस्तान्तरणको प्रबन्ध मिलाउनेलाई धन्यवाद दिए । खेलकुद सामग्री हस्तान्तरणमा सहयोग गर्ने रंन्जित श्रेष्ठप्रति सदैव कृतज्ञ रहने अध्यक्ष पराजुलीले बताए ।

धुलिखेलका वर्ष २०१४/१५ का अध्यक्ष रन्जित श्रेष्ठको बिशेष आतिथ्यता रहेको थियो । कार्यक्रममा रोटरी क्लव पशुपति काठमाडौंका निवर्तमान अध्यक्ष भुवनसिंह कुवर, उद्योग वाणिज्य संघ मकवानपुरका पूर्वअध्यक्ष जीवनकाजी माकाजु, रोटरी क्लव मकवानपुर ईलेक्टेड अध्यक्ष अनिल अग्रवाल, महासचिव मनोज ढोडारी, कोषाध्यक्ष पवन तिमिल्सिना, रोटरियन कमल मैनाली, शिवकुमार कार्की, अटिजम सेन्टरका संन्चालक उमा पौडेल, नीश्ला श्रेष्ठलगायतको उपस्थिति थियो ।

# स्वास्थ्यमन्त्री श्रेष्ठलाई ज्ञापनपत्र

साझाकुरा संवाददाता

हेटौंडा, ४ वैशाख/ मानसिक स्वास्थ्य समस्याप्रति गम्भिर हुन माग गर्दै बामगती प्रदेशको स्वास्थ्य मन्त्रीलाई ज्ञापनपत्र बुझाइएको छ । मानसिक स्वास्थ्य सेवामा टेलिमेडिसिन सेवालाई स्थानीय तहका अस्पतालमा जोड्ने कार्यक्रम लागू गरिनुपर्ने माग गरिएको हो ।

प्रदेश अन्तरगतका निकायमा एक कार्यलय एक मनोविमर्शकर्ताको व्यवस्था गर्न समेत सरोकारवालाले माग गरेका हुन् । मनोसामाजिक स्वास्थ्य समस्या भएकाको उपचार, समस्याको सम्बोधन तथा सुनुवाईमा समस्या भएको भन्दै उनीहरुले यस्तो माग गरेका हुन् । बागमती प्रदेशमा नवनियुक्त स्वास्थ्यमन्त्री रामेश्वर श्रेष्ठसँग उनीहरूले यस्तो माग गरेका हुन् । प्रदेश सरकारले सञ्चालन गर्ने जनस्वास्थ्यका सबै कार्यक्रममा मानसिक स्वास्थ्यसेवालाई एकीकृत गर्न माग गरिएको हो ।

प्रदेशअन्तर्गत रहेका अस्पताल तथा केन्द्रद्वारा सञ्चालित अस्पतालबाट नै भर्ना गरी मानसिक स्वास्थ्यसेवा दिने व्यवस्था मिलाउन सरोकारवालाले माग गरेका हुन् । बीमाबाट उपलब्ध औषधिको व्यबस्थापन गरी समस्या भएको व्यक्तिको आवश्यकता अनुसार अति आवश्यक औषधि नि:शुल्क प्रदान गर्न समेत मानसिक स्वास्थ्य समस्या भएकाले माग गरेका हुन् । प्रदेशले मानसिक स्वास्थ्यसम्बन्धी कर्मचारी र स्वास्थ्यकर्मीका लागि (महिला स्वास्थ्य स्वयमसेविका) सम्बन्धी तालिम प्रदान गर्न समेत माग गरेका छन् ।

पछिल्लो समय आत्माहत्याको अवस्था बढ्दो रहेको र मानसिक स्वास्थ्य समस्या यसको मुख्य कारण भएकोले रोकथामका लागि सरकारी, गैह्रसरकारी तथा निजी क्षेत्रसँग बहुक्षेत्रीय समन्वय तथा सहकार्यको समेत माग गरिएको छ । पहुँच नपुगेका क्षेत्रका व्यक्तिको मानसिक स्वास्थ्यको सेवामा पहुँच बढाउन त्यस्ता क्षेत्रलाई समेट्ने गरी त्रैमासिकरुपमा मानसिक स्वास्थ्यसेवा क्याम्प सञ्चालन गर्ने नीति बनाईनुपर्ने माग गरिएको छ ।

मानसिक अपाङ्गता भएका व्यक्तिलाई आवश्यकताको आधारमा विषेश प्याकेजमार्फत् सहुलियत सहितको विषेश सेवा प्रदान गर्ने बारे नीतिगत रुपमा समावेश गरिनुपर्ने, स्वास्थ्य मन्त्रालय बागमती प्रदेशको मातहतमा रहनेगरी सम्बन्धित विज्ञहरुको प्राविधिक समिति बनाई जिल्ला तहमा मानसिक स्वास्थ्य कार्यक्रमलाई प्रबर्द्धन गर्नुपर्ने माग गरिएको मनोसामाजिक स्वास्थ्य समस्या अनुभव गरेकी बन्दना तामाङले बताइन् ।

# रामनगरस्थित चौलागाईको घर जलेर नष्ट

साझाकुरा संवाददाता

हेटौंडा, ४ वैशाख/ हेटौंडा उपमहानगरपालिका-६ रामनगरमा आगलागी भएको छ । आगलागीमा परेर एकजना घाइते भएको मकवानपुरका प्रहरीप्रवक्ता प्रहरी नायबउपरीक्षक लक्ष्मी भण्डारीले बताए ।

मंगलबार साँझ रामनगरस्थित आत्मलाल चौलागाईको सिमेन्ट, काठ, र टायलले बनेको २ तले कच्चीघर र सँगैं जोडिएको गोठमा आगलागी भएको हो । बिजुलीको तार सट भई भएको आगलागीबाट घरनजिकै रहेको निजको भाइ लिलानाथ चौलागाईको ३ तले पक्की घरको सिसा आगोको तापले फुट्दा ३५ वर्षीय प्रकाश चौलागाई घाइते भएको प्रवक्ता भण्डारीले बताए ।

टाउकोमा चोट लागी सामान्य घाईते उनी स्थानीय मेडिकलमा उपचारपश्चात् घर फर्किएको जनाइएको छ । क्षतिको अन्य विवरण आउन बाँकी रहेको डिएस्पी भण्डारीले बताए । हेटौंडा उपमहानगरको दमकल, नेपाल प्रहरी र सशस्त्र प्रहरीले आगो नियन्त्रणमा लिने प्रयास भएको जनाइएको छ ।


## शिक्षक आवश्यकता

प्रकाशित मिति: २०८१/०१/०५

उपर्युक्त सम्बन्धमा यस श्री भूटनदेवी माध्यमिक विद्यालय (प्राविधिक शिक्षालय)को लागि आवश्यक तपशिलमा उल्लेखित पदहरुमा अंग्रेजी माध्यमको लागि आन्तरिक श्रोतमा खुल्ला प्रतिष्पर्धाबाट करार पदपूर्ति गर्नुपर्ने भएकोले विद्यालय व्यवस्थापन समितिको निर्णय अनुसार सूचना प्रकाशन भएको मितिले ७ दिन भित्र इच्छुक नेपाली नागरिकबाट दरखास्त आहृवान गरिएको छ ।

तपशिल

| क्र.सं. | विज्ञापन नं. | तह/पद | माग संख्या | विषय | न्यूनतम शैक्षिक योग्यता | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | ०३/०८०/०८१ | माध्यमिक तह, शिक्षक | ३ जना | गणित | मान्यता प्राप्त शिक्षण संस्थाबाट मूल विषय गणित लिई स्नातक तह वा सो सरह उत्तीर्ण गरेको | |
| २ | ०४/०८०/०८१ | माध्यमिक तह, शिक्षक | १ जना | विज्ञान | मान्यता प्राप्त शिक्षण संस्थाबाट मूल विषय विज्ञान लिई स्नातक तह वा सो सरह उत्तीर्ण गरेको | |
| ३ | ०५/०८०/०८१ | माध्यमिक तह , शिक्षक | १ जना | नेपाली | मान्यता प्राप्त शिक्षण संस्थाबाट मूल विषय नेपाली लिई स्नातक तह वा सो सरह उत्तीर्ण गरेको | |
| ४ | ०६/०८०/०८१ | आधारभुत तह नि.मा.वि, शिक्षक | १ जना | विज्ञान | मान्यता प्राप्त शिक्षण संस्थाबाट मूल विषय विज्ञान लिई कम्तिमा कक्षा १२ वा सो सरह उत्तीर्ण गरेको | |
| ५ | ०७/०८०/०८१ | आधारभुत तह नि.मा.वि, शिक्षक | १ जना | गणित | मान्यता प्राप्त शिक्षण संस्थाबाट मूल विषय गणित लिई कम्तिमा कक्षा १२ वा सो सरह उत्तीर्ण गरेको । | |
| ६ | ०८/०८०/०८१ | आधारभुत तह प्रा.वि, शिक्षक | १ जना | गणित | मान्यता प्राप्त शिक्षण संस्थाबाट मूल विषय गणित लिई कम्तिमा कक्षा १२ वा सो सरह उत्तीर्ण गरेको । | |
| ७ | ०९/०८०/०८१ | आधारभुत तह प्रा.वि, शिक्षक | १ जना | अंग्रेजी | मान्यता प्राप्त शिक्षण संस्थाबाट मूल विषय अंग्रेजी लिई कम्तिमा कक्षा १२ वा सो सरह उत्तीर्ण गरेको । | |
| ८ | १०/०८०/०८१ | आधारभुत तह प्रा.वि, शिक्षक | १ जना | विज्ञान | मान्यता प्राप्त शिक्षण संस्थाबाट मूल विषय विज्ञान लिई कम्तिमा कक्षा १२ वा सो सरह उत्तीर्ण गरेको । | |

**आवश्यक न्यूनतम योग्यता:**

१. उमेर : १८ वर्ष पूरा भै ४० वर्ष ननाघेको ।
२. सेवा सुविधा : विद्यालय व्यवस्थापन समितिले तोके अनुसार ।
३. आवेदन फारम दस्तुर : मा.वि तहको रु १,०००।-, नि.मा.वि तहको ७००।- र प्रा.वि तहको रु ५००।- (बैङ्क भौचर अनिवार्य)
४. परीक्षाको किसिम : लिखित, मौखिक तथा कक्षा अवलोकन
५. अन्तिम मिति : २०८१ बैशाख ११ गते मंगलबार
५. सम्पर्क मिति : २०८१ बैशाख १२ गते बुधबार
६. परीक्षा मिति : सम्पर्क मितिको दिन तय गरिने छ

**पेश गर्नुपर्ने कागजातहरु:** हस्तलिखित निवेदन, नागरिकताको प्रमाणपत्रको प्रतिलिपि, शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि, कम्प्यूटर शिक्षा वा आधारभुत तालिम सम्बन्धी प्रमाणपत्रको प्रतिलिपि, कामको अनुभव भए सो प्रमाण पत्रको प्रतिलिपि, अंग्रेजी भाषा लेखन तथा संचारमा निपुर्ण भएका तथा अध्यापन अनुमति पत्र भएकालाई विशेष प्राथमिकता दिइने छ ।

थप जानकारीको लागि

**श्री भूटनदेवी मा.वि (प्राविधिक शिक्षालय)**
**हेटौंडा-४, मकवानपुर**
**सम्पर्क नं. ०५७-५२०४२०**



## हेटौंडामै उत्पादित
## सुदिन ड्राइमिट






**Ready To Eat**

**हाम्रा विशेषताहरू:**

- ग्याँस ओभनबाट उत्पादन गरिने ।
- हानिकारक धुवाँको असर नहुने ।
- १२ प्रकारका घरायसी मसलायुक्त ।
- तत्काल खान मिल्ने ।
- खाद्य सुरक्षणको लागि केमिकल (Preservative) प्रयोग नभएको ।

**सुदिन प्याकेजिङ्ग उद्योग**
**हेटौंडा-४, मकवानपुर**
**९८४५२६२५२२, ९८५५०७२६२३**